- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चीसोमा मर्निङ वाक नगरौं,
- चीसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com





निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com



❖ वर्ष ३७ ❖ २०८० पुस २७ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 January 12 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १३३


## ईरिक्शाले ट्राफिक व्यवस्थापनमा समस्या निम्त्याउँदै



हाइवेमा जाँदै गरेको ईरिक्शालाई रोकेर सोधपुछ गर्दै ट्राफिक प्रहरी । तस्वीरः प्रतीक

प्रस, परवानीपुर, २६ पुस/

वीरगंजलगायत पर्सा जिल्लाको ट्राफिक व्यवस्थापनमा ईरिक्शाले समस्या निम्त्याइरहेको छ ।

२०७२ सालमा दुईवटा ईरिक्शाबाट सञ्चालनमा आएको र अहिले अनधिकृतरूपमा पाँच हजारभन्दा बढी ईरिक्शा सञ्चालनमा छन् ।

वीरगंज महानगरपालिकामा केवल तीन सयको हाराहारीमा ईरिक्शा दर्ता छन् । अहिले महानगरमा चल्ने ईरिक्शा, रूट परमिट महानगरपालिकाको कार्यालयले जारी गर्छ तर सो कार्यालयमा तीन सयवटा मात्र दर्ता छन् भने बाँकी रिक्शा अवैधरूपमा सञ्चालनमा छन् ।

अहिले धमाधम ईरिक्शाहरू सञ्चालनमा आइरहेको र यसलाई नरोक्ने हो भने आगामी वर्ष वीरगंजमा ट्राफिक समस्या विकराल बन्ने जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी निरीक्षक भाष्कर खतिवडाले बताए । उनले ट्राफिक व्यवस्थापनको लागि अहिले ईरिक्शा टाउको दुःखाइ बनेको र यसका लागि नयाँ रिक्शाको बिक्रीमा सम्बन्धित निकायले रोक लगाउनुपर्ने बताएका छन् ।

ईरिक्शा सञ्चालकहरूले अहिले विनाकागज र सवारी चालक अनुमतिपत्रबेगर नै सञ्चालन गरिरहेका छन् ।

यातायात कार्यालयले ईरिक्शाको लागि सवारी चालक अनुमतिपत्र जारी नगरेको लामो समय भइसकेको छ । दुई सयभन्दा मुनि ईरिक्शाचालकहरूको सवारी चालक अनुमतिपत्र छैन । बाँकी ईरिक्शा सञ्चालकहरू सवारी चालक अनुमतिविना नै सञ्चालन गरिरहेका छन् ।

पर्सा जिल्लामा ईरिक्शा अवैधरूपमा सञ्चालन भएको र हाल राजमार्गमा पनि गुडिरहेको भन्दै वीरगंज–पथलैया सिटी बस व्यवसायी सङघ, वीरगंज–पथलैया–परवानीपुर मझौला यातायात व्यवसायी सङ्घ र बारा–पर्सा मझौला यातायात व्यवसायी सङ्घले ट्राफिक कार्यालयको ध्यानाकर्षण गराएको थियो ।

रूट परमिटविना हाइवेमा सञ्चालन हुँदा वीरगंज–पथलैया चल्ने सिटीराइड, मारूती, म्याजिक भ्यानको कारोबार प्रभावित भएको भन्दै उनीहरूले अवैध तरीकाबाट सञ्चालित ईरिक्शा नियन्त्रण गर्न माग गरेका थिए । ट्राफिक प्रहरीले अहिले गण्डकदेखि अगाडि ईरिक्शा सञ्चालनमा रोक लगाएको र अटेर गर्नेलाई चेकजाँचमा दैनिक एक हजार जरिवाना गर्ने गरिएको गण्डक ट्राफिकका प्रसनि रामभक्त यादवले बताए ।

## व्यापारीले महँगो मूल्यमा धान भित्र्याउँदै, चामलको मूल्य बढ्न सक्ने

प्रस, परवानीपुर, २६ पुस/

यस वर्ष चामलको मूल्य वृद्धि हुने सङ्केत देखिएको छ । भारतले गत वर्षको तुलना ८० प्रतिशत कम धान निर्यातको कोटा निर्धारण गरेको र व्यवसायीहरूले कोटाबाहेक धान महँगोमा भित्र्याउनु परेको हुँदा चामलको मूल्य बढ्ने सङ्केत देखिएको हो ।

भारतले गत वर्ष नेपालको लागि छ लाख मेट्रिक टन धान निर्यात कोटा निर्धारण गरेको थियो । यस वर्ष भने ९७ हजार मे.टन मात्र निर्धारण गरेको छ ।

यसबाहेक धान ल्याउँदा व्यवसायीहरूले वीरगंज भन्सार आइसिपी भन्सारमा २० प्रतिशत भन्सार शुल्क तिर्नुपर्ने हुन्छ । जसले गर्दा धानको मूल्य बढेको र यसको प्रभाव चामलमा हुने चावोसती राइस मिलका नारायण रूँगटा बताउँछन् ।

उनले अहिले बिहारबाट व्यवसायीहरूले धान भित्र्याउँदा प्रतिकिलो सोनामन्सुली रु ३८ र जीरा मसिनो रु ४८ परिरहेको बताए । सोना मन्सुली धान पर्सा जिल्लाका किसानहरूसँग व्यवसायीहरूले कात्तिकदेखि मङ्सिरमा प्रतिकिलो रु २५ देखि ३५ मा खरीद गरेका थिए । अहिले यही धानको मूल्य भारतबाट भित्र्याउँदा रु ३८ परिरहेको छ ।

आइसिपीबाट अहिले सयभन्दा बढी धान लोड गाडी व्यवसायीहरूले भित्र्याएका छन् । चामलको अभाव हुने सङ्केत पाएर व्यवसायीहरूले महँगोमा भारतको बिहारबाट धान भित्र्याएर सञ्चय गरिरहेका छन् ।

## भारतबाट आएका दुईजनामा नयाँ भेरिएन्टको सङ्क्रमण

प्रस, वीरगंज, २६ पुस/

शङ्कराचार्यद्वारमा राखिएको हेल्थडेस्कबाट हिजो र आज गरी कोरोनाको नयाँ भेरिएन्ट जेएन–१ को दुईजना सङ्क्रमित फेला परेका छन् ।

बुधवार एन्टिजेनबाट ५५ जना भारतीय नागरिकको परीक्षण गर्दा एकजना युवकमा कोरोनाको नयाँ भेरिएन्ट जेएन–१ सङ्क्रमण पुष्टि भएको र उनलाई भारतीय प्रहरीको जिम्मा लगाइएको थियो ।

यसैगरी, बिहीवार ५९ वर्षीय धादिङ जिल्ला घर भएका व्यक्तिमा सो भेरिएन्ट पुष्टि भएको र उनलाई नारायणी अस्पतालको आइसोलेशनमा राखिएको छ ।



तस्वीरः प्रतीक

आज पुष्टि भएका सङ्क्रमित कोलकाताबाट रेल यात्राबाट नेपाल फर्केका हुन् भने हिजो पुष्टि भएका युवक पनि कोलकाता भएर काठमाडौं जादै थिए ।

भारतमा कोरोनाको नयाँ भेरिएन्ट जेएन–१ सङ्क्रमण फैलिंदै गएपछि शङ्कराचार्यद्वारमा यही पुस महीनादेखि हेल्थडेस्क राखेर भारतबाट बस, कार, हवाइ र रेलमार्ग भएर आउने यात्रीहरूको स्वास्थ्य परीक्षण शुरू भएको हो ।

## महानगरसहित पर्साको पाँचवटा पालिकामा माघीको तयारी

ओमप्रकाश चौधरी, सेढवा, २६ पुस/

आदिवासी जनजाति थारू समुदायको महान पर्व माघी (खिचडी) तथा थारू संवत् २६४८ नयाँ वर्ष पर्साको पाँच स्थानमा मनाउन तयारी भइरहेको छ ।

यस वर्ष वीरगंज–१० आदर्शनगरस्थित पुरानो बसपार्कमा माघी मनाउने तैयारी भइरहेको मूल माघी समारोहका अध्यक्ष शेखर चौधरीले बताए । माघ १ गते घण्टाघरबाट झाँकीसहित र्‍याली निकाल्ने तथा रक्तदान कार्यक्रमको आयोजना गरिने अध्यक्ष चौधरीले बताए । कार्यक्रममा थारू समुदायको संस्कृति, पहिरन, माछा, घोङी, गँगटो, हाँस, कुखुरा, परेवाको मासु, चिचर (अनन्दी चामलको भुजा) लगायत खानाका परिकार, थारू कला, सङ्गीतको प्रदर्शनी गरिने अध्यक्ष चौधरीले बताए । उनले कार्यक्रममा दश लाख खर्च हुने अनुमान गरिएको बताए ।

त्यस्तै पटेर्वासुगौली गापा–४ स्थित नेरामावि दाप सुगौलीको खेल मैदानमा पनि माघी महोत्सव मनाउने तैयारी भइरहेको छ । गापाको आयोजना तथा माघी मूल समारोह समितिको व्यवस्थापनमा उक्त महोत्सवको तयारी भइरहेको आयोजक संस्थाका अध्यक्ष मुकेश गौरोले बताए । कार्यक्रममा थारू राष्ट्रिय कलाकार दिपिका चौधरी, चितवनका अग्रीम महिला समूह, माडीका कलाकार तथा स्थानीय थारू कलाकार नेपाली निरहुवाको प्रस्तुति हुने अध्यक्ष गौरोले बताए । यसका साथै रक्तदान कार्यक्रम र स्थानीय विद्यालयका बालबालिकाहरूको नृत्य प्रतियोगिता पनि हुने अध्यक्ष चौधरीले बताए ।



तस्वीरः फाइल

यसैगरी जीराभवानी गापा–१ मा पनि माघी महोत्सव आयोजना हुने बताइएको छ । गापाको सहयोगमा युवा समाज पकडीटोलको आयोजनामा माघी मनाउने तयारी भइरहेको आयोजक समितिका अध्यक्ष गोविन्द चौधरीले बताए । त्यस्तै पुस २९ गते खुला रक्तदान कार्यक्रम आयोजना हुने चौधरीले बताए । उक्त कार्यक्रममा थारू खानाका परिकारहरूको स्टल राखिने छ । कार्यक्रममा सांस्कृतिक प्रतियोगिता हुने र प्रथम, द्वितीय र तृतीय हुने टीमलाई नगद, ट्रफी र प्रमाणपत्र प्रदान गरिने अध्यक्ष चौधरीले बताएका छन् ।

पर्सागढी नगरपालिकाको बढनियारमा पनि थारू कल्याणकारीसभा नगर मूल समारोह समितिको आयोजनामा माघी महोत्सवको तयारी भइरहेको छ । पर्सागढी नपा–१ मनवा बजारमा आयोजना हुने महोत्सवको अनुमानित खर्च दुई लाख पचास हजार रहेको आयोजक समितिका अध्यक्ष जङ्गबहादुर चौधरीले बताए ।

कार्यक्रम आयोजनाका लागि पर्सागढी नपामा रकम माग गरिएको र बाँकी रकम चन्दा सङ्कलनबाट उपलब्ध गराइने अध्यक्ष चौधरीले बताए । कार्यक्रममा बाहिरी कालाकार नल्याइएको र स्थानीय कलाकारहरूलाई प्राथमिकतामा राखिएका र प्रोत्साहन गरिने अध्यक्ष चौधरीले खुलासा गरे ।

सखुवापरसौनी गापा–२ पचगावाँमा पनि माघी महोत्सवको तयारी भइरहेको छ । सखुवापरसौनी थारू समाजको आयोजनामा माघी महोत्सव–२०८० को सम्पूर्ण तयारी भइसकेको आयोजक संस्थाका अध्यक्ष शशिकान्त महतोले बताए । थारू परम्परा संस्कृति, पहिरन, चलन संरक्षणका लागि यस कार्यक्रममा विभिन्न किसिमका प्रदर्शनहरू गरिने अध्यक्ष महतोले बताए । कार्यक्रममा नवज्योति संगाती थारू महिला समूह पद्मपुर, चितवनको सदस्यहरूले प्रस्तुति गरिने अध्यक्ष महतोले बताए ।

## माघ १३ गते पूर्वराजा ज्ञानेन्द्रको नागरिक अभिनन्दन गरिने

प्रस, वीरगंज, २६ पुस/

पूर्वराजा ज्ञानेन्द्रविक्रम शाहको वीरगंजमा नागरिक अभिनन्दन गरिने भएको छ । स्वागत तथा नागरिक अभिनन्दन मूल समारोह समिति, पर्साका महासचिव हीराबहादुर चन्दले बिहीवार नेपाल पत्रकार महासङ्घ, पर्साको सभाकक्षमा आयोजित पत्रकार सम्मेलनमा आगामी माघ १३ गते वीरगंजमा पूर्वराजा शाहको नागरिक अभिनन्दन गरिने बताए ।

उनले हाल पूर्वराजा ज्ञानेन्द्र पुस २३ गतेदेखि सिमरामा बस्दै आएको र यसबीच उनको धार्मिक तथा नागरिक अभिनन्दन कार्यतालिका बनेको बताउँदै पुस २८ गते सर्लाहीको बरहथवा, मुक्तेश्वर महादेवमा पूजाअर्चना, माघ २ गते रौतहट शिवनगरस्थित शिव



तस्वीरः प्रतीक

मन्दिरको पूजाअर्चना, माघ ४ गते बाराको प्रसिद्ध गढीमाई मन्दिरको पूजा अर्चना र माघ १३ गते वीरगंजस्थित लाल बङ्गलामा नागरिक अभिनन्दन कार्यक्रम रहेको बताए ।

उनले सवारी भव्य बनाउन विभिन्न २० वटा उपसमिति गठन गरी कार्य विभाजन गरिएको बताए ।

पत्रकार सम्मेलन मूल समारोह समितिका अध्यक्ष वरिष्ठ अधिवक्ता देवेन्द्रलाल नेपालीको अध्यक्षतामा भएको थियो । यस अघि पर्साको पोखरियामा पूर्वराजा ज्ञानेन्द्रको नागरिक अभिनन्दन कार्यक्रम घोषणा गरिएको थियो तर पछि सो कार्यक्रम स्थगित गरेर वीरगंजमा हुन लागेको हो ।

## सानो पाइला सहकारीमा महानगरको सिल

प्रस, वीरगंज, २६ पुस/

वीरगंज महानगरपालिका कार्यालयले वीरगंज–६ आदर्शनगरस्थित सानो पाइला बचत तथा ऋण सहकारी संस्था लिको कार्यालयमा सिल लगाएको छ ।

वीरगंज मनपाका सहकारी शाखा प्रमुख सुनीलकुमार कर्ण, वडाध्यक्ष जयप्रकाश साह, जिल्ला प्रशासन पर्साका प्रतिनिधि ब्रह्मदेवप्रसाद यादव, वडा प्रहरी कार्यालय बिर्ताका प्रसनि ईश्वर महतो सम्मिलित टोलीले सानो पाइला बचत तथा ऋण सहकारी संस्थाको कार्यालयमा सिलबन्दी गरेको हो ।



तस्वीरः प्रतीक

सो सहकारीले बचतकर्ताको करोडौं रकम फिर्ता नगरेको भनेर पटक–पटक उजूरी गर्दै आएको र यसै क्रममा मङ्गलवार बचतकर्ताहरूको उजूरीको आधारमा सहकारीले रकम फिर्ता नगरेको देखिएकोले सिलबन्दी गरिएको नगरप्रमुख राजेशमान सिंहले बताए ।

## विचारसार र सूक्तिहरू

**मूर्ख बन्ने दुईवटा कारण छन्–पहिलो जे सत्य छैन त्यसमा विश्वास गर्नु, दोस्रो जे सत्य छ त्यसमा विश्वास नगर्नु ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# सार्थक प्रयासको खाँचो

**रौतहटको चन्द्रपुर नगरपालिका–४ का केदारप्रसाद तिमिल्सिनाले यसपटकको जाडोमा न्यानो कपडा वितरण गर्न सकेका छैनन् । कारण आर्थिक समस्या । उनी ईरिक्सा चलाउँछन् र सोबाट हुने आम्दानीबाट जाडोमा न्यानो कपडा पनि सहयोग गर्दै आएका थिए । उनको यो अभियानमा विभिन्न संस्था, व्यक्तिहरूको पनि सहयोग हुने गर्दथ्यो । अरूको सहयोगमा तिमिल्सिनाले आफ्नो सवारीबाट जाडोमा अभाव झेलिबसेकाहरूलाई उनीहरू बसेकै स्थानमा गएर सहयोग गर्दै आएका थिए । चन्द्रपुर, गुजरा नपाका केही वडाहरूका विपन्न परिवारलाई उनको पहलमा न्यानो कपडा, टोपी नपाले वितरण गरेको छ । तर उनले आफूले गर्ने सहयोगबाट वञ्चित हुनुपरेकोमा विस्मात् मानेका छन । उनले चलाउने ईरिक्साबाट अहिले कमाइ मरेको छ । पहिले ईरिक्साको कमाइबाट उनले यस प्रकारको सहयोगमा सहभागिता जनाउने गर्थे । अहिले चुनाव पनि छैन, हैन भने चुनावताका मासु, चामल नेताहरूले उपलब्ध गराउने र उनले घरघरमा पुऱ्याउने काम गरेका थिए । चुनाव सकिएपछि गरीब, दीनदुःखी, विपन्नलाई चासो राखेर सहयोग गर्ने नेताहरू कमै छन् ।**

**स्थानीय तहले जाडो याममा विद्यार्थी, वृद्ध, गरीब, विपन्नहरूलाई लक्षित गरेर न्यानो कपडा वितरण गर्दै आएका छन् । पालिकाहरूबाट वितरण हुने यस प्रकारका सहयोगहरू कार्यकर्ता, भोटर लक्षित हुने गरेको छ । वास्तविक गरीब, दीनदुःखी, विपन्नहरू वितरण लिस्टमा कमै पर्छन् । जाडो याममा सिरक, न्यानो कपडा वितरण गर्ने काम जारी छ । वीरगंजमा पनि विभिन्न सङ्घसंस्थाहरू, व्यक्तिले वार्षिकोत्सव, जन्मदिन आदिको अवसर पारेर न्यानो कपडाहरू वितरण गर्दै आएका छन् । महानगरपालिकाले पनि विभिन्न जातजाति, गरीब, दीनदुःखीहरूलाई यस प्रकारको सहयोग गर्दै आएको छ । वडा कार्यालयहरूले पनि विद्यार्थीहरू, वृद्धवृद्धाहरूलाई न्यानो कपडा वितरणलाई अहिले तीव्रता दिएको छ । यसो हुँदैमा सबै गरीब, दीनदुःखी, विपन्न जाडोको प्रकोपबाट जोगिएका छन् भनेर सोच्नुभएन । किनभने हामीहरू यस्तो वितरण कार्य नाम र चर्चाका लागि बढी र आवश्यकता भएकाहरूलाई कम वितरण गर्छौं जसले गर्दा वितरणको प्रभावकारिता देखिएको छैन । बालसुधार गृह, कारागार आदिमा विभिन्न सङ्घ संस्थाहरूले सिरक, न्यानो कपडा वितरण गरेको सुनिन्छ, जबकि त्यहाँ बस्नेहरूलाई राज्यले व्यवस्था गरेको हुन्छ । मानवसेवा आश्रम, वृद्धाश्रम अनि सडकपेटी र बस्तीहरूको गणना गर्ने त्यहाँ कतिजनालाई आवश्यकता छ, सो अनुरूपका सामानहरू वितरण गर्ने । तर त्यस्तो नगरी देखासिकी प्रचारबाजीका लागि एकजना, एउटै संस्था, बस्तीमा गएर वितरण गरेको देखिन्छ, सुनिन्छ, यसो गर्दा प्रचारबाजी त हुन्छ, तर उद्देश्य प्राप्त भने हुँदैन ।**

**अहिले पालिका र वडा कार्यालयहरूमा यस प्रकारको कार्य गर्ने अधिकार र बजेट विनियोजन गरिएको छ । वडामा भएका बस्तीहरूका गरीब, विपन्न परिवारको गणना गर्ने, उनीहरूका लागि आवश्यक वस्तु पहिचान गर्ने र सो अनुरूप सहयोग गर्दा सहयोग पाउनेको पनि उद्धार हुन्छ । एउटै व्यक्ति, संस्थाले एकै प्रकारको सहयोग गर्दा कसैको आवश्यकता पनि पूरा नहुने र सहयोगको दुरुपयोग पनि हुने खतरा हुन्छ । चन्द्रपुरका तिमिल्सिना एक्लैको प्रयासमा गतिलो काम भएको महसूस गरिंदै छ । तर सुविधासम्पन्न पालिका, संस्था, व्यक्तिले यस प्रकारको प्रयास गर्न सकेका छैनन् जसले गर्दा बर्सेनि प्रचारमुखी वितरण मात्र भइरहेको छ ।**

# औचित्यहीन विरोध


स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com


**तर तिनका विरोधमा केही बोल्नै नहुने, केही गर्नै नहुने भित्री डर कायम रहेको देखिन्छ । चीनसँग भएका सम्झौता अथवा नेपालमा चीनले गर्ने गरेको आयोजना सञ्चालनमाथि प्रश्न उठाउने काम कहीं कतैबाट आजसम्म भएको छैन ।**

दक्षिणी छिमेकी भारतका विदेशमन्त्री एस जयशङ्करको हालै सम्पन्न सफल नेपाल भ्रमणलाई पनि विवादमा ल्याउने काम भइरहेको छ । नेपालका परराष्ट्रमन्त्री एनपी साउदको मैत्रीपूर्ण निमन्त्रणमा नेपाल–भारत परराष्ट्रस्तरीय संयुक्त आयोगको सातौं बैठकमा भाग लिन उनी नेपाल भ्रमणमा आएका थिए । उनको नेपाल भ्रमणका क्रममा विभिन्न चार बुँदामा सहमति भयो । चारवटै सहमति विशुद्धरूले नेपाललाई मात्र लाभ हुने खालका छन् र यसबाट नेपाल मात्र लाभान्वित हुनेछ । प्रधानमन्त्री पुष्पकमल दाहालले पनि पटकपटक यस कुरालाई दोहोऱ्याइसकेका छन् कि नेपालको अहित हुनेगरी भारतसँग कुनै किसिमको सम्झौता भएको छैन । तर भारतको नाम सुन्नेबित्तिकै त्यसमा अनर्थमात्र देख्ने नेपालका वामपन्थी र पञ्चायती शासनका पक्षधरहरू यसमा पनि अन्यथा देख्न भ्याएका छन् । नेपालको आर्थिक विकाससँग सम्बन्धित प्रत्येक सम्झौताको विरोधमा उभिनेहरू नै नेपालमा आफूलाई स्वघोषित राष्ट्रवादी ठान्ने गरेका छन् ।

ऋणलाई देशको हितमा र अनुदानलाई राष्ट्रियताको निम्ति घातक बताउने यस्ता तत्त्वहरू यथार्थमा नेपाललाई गरीब राष्ट्र बनाएर राख्न चाहन्छन् र यसैमा आफ्नो राजनीतिक भविष्य उज्ज्वल रहने ठान्दछन् । देशका प्रधानमन्त्रीसमेत रहिसकेका व्यक्तिहरूबाट पनि विकास निर्माणको कार्यको विरोध हुनु दुर्भाग्यपूर्ण हो ।

प्रधानमन्त्रीले भारतसँग हालै भएका सम्झौतामध्ये 'हाई इम्प्याक्ट कम्युनिटी डेभलपमेन्ट प्रोजेक्ट'सम्बन्धी सम्झौतालाई पुरानै सम्झौताको निरन्तरता भएको दाबी गरेका छन् । साथै त्यसलाई थप परिष्कृत र व्यवस्थित बनाइएको बताएका छन् । प्रतिनिधिसभाका कानून, न्याय तथा मानव अधिकार समितिको बैठकमा भारतीय विदेशमन्त्री एस जयशङ्करको हालै सम्पन्न भारत भ्रमणको क्रममा नेपाल र भारतबीच भएका सम्झौता नेपालको प्रणाली तथा संयन्त्रभन्दा बाहिर खर्च हुनेगरी कुनै सम्झौता नभएको प्रस्ट पारेका छन् ।

उनले भारतसँग हाल भएको सम्झौतामा कुनै पनि त्यस्तो प्रावधान राखिएको छैन जसले भारतीय पक्षलाई एकपक्षीयरूपमा आयोजना छनोट र कार्यान्वयन गर्न सुविधा दिन्छ । आयोजनाको नियमित अनुगमन गर्ने आवधिक समीक्षासमेत नेपाल सरकारको संयन्त्रबाट हुने विश्वास प्रधानमन्त्रीले दिलाए । नेपालका विद्यार्थीले बनाएको नानो स्याटेलाइट भारतको न्यु स्पेस इन्डिया लिमिटेडले आफ्नै खर्चमा प्रक्षेपण गरिदिने गरी सम्झौता भएको र भारतले एनटिपिसी कम्पनीसँग एक आपसमा क्षमता विकास कार्य गर्ने र तालीम लगायत कार्यक्रम सञ्चालन गर्ने सम्झौता पनि भएको उनले बैठकमा बताए ।

साना विकास आयोजनामा नेपालमा भारतको प्रत्यक्ष सहयोग रहनेगरी पहिलोपटक सन् २००३ नोभेम्बर ७ मा सम्झौता भएको थियो । तत्कालीन राजा ज्ञानेन्द्रद्वारा गठित सरकारका प्रधानमन्त्री सूर्यबहादुर थापा थिए । जतिबेला खर्च गर्न पाउने रकमको सीमा तीन करोड रुपियाँ रहेको थियो । आयोजना, नेपालका तत्कालीन स्थानीय निकाय वा गैरसरकारी संस्थाले सञ्चालन गर्ने सहमति भएको थियो । आयोजना स्थानीय निकाय वा गैससले सीधै भारतीय दूतावासमा माग गर्ने र उपलब्ध गराउने गरी सहमति भएको थियो । सम्झौता सन् २००६ जुन २९ मा नवीकरण गरिएको थियो ।

सन् २००८ अगस्त ६ मा यस्तो आयोजनाको रकम बढाएर ५ करोड रुपियाँ पुऱ्याइएको थियो । आयोजनाको क्षेत्र पनि बढाइएको थियो । आयोजना सञ्चालन स्थानीय निकाय वा गैससले गरे पनि अर्थ मन्त्रालयको सहमति लिनुपर्ने व्यवस्था सहमतिमा थपिएको थियो । सन् २०११ जुलाई २७ मा सहमति नवीकरण भएको थियो । यस्तै सन् २०१४ अगस्त १३ मा सम्झौता नवीकरण हुँदा नेपालको प्राथमिकताका क्षेत्रमा उपलब्ध हुनुपर्ने शर्त थपिएको थियो ।

नयाँ संविधान जारी भएपछि परिमार्जनसहित सम्झौता नवीकरण भएको थियो । सन् २०१७ डिसेम्बर १७ मा आयोजना नेपाल सरकार वा नेपाल सरकारले पहिचान गरेका निकायबाट सञ्चालन हुने र बजेट प्रणाली भित्रबाट कार्यान्वयन गर्नेगरी सम्झौता नवीकरण भएको थियो । सन् २०१८ जुलाई १८ मा आयोजना सञ्चालन विधि परिवर्तन गरिएको थियो । जस अनुसार आयोजना गाउँपालिका वा नगरपालिकाले सञ्चालन गर्ने, भारतीय अनुदान नेपाल सरकारको कोषमा जम्मा गर्नुपर्ने र स्थानीय तहले सशर्त अनुदानको रूपमा सो रकम प्राप्त गर्ने व्यवस्था गरिएको थियो ।

स्थानीय तहले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा आयोजना प्रस्ताव गर्नुपर्ने आयोजना छनोट भइसकेपछि मन्त्रालय र सम्बन्धित स्थानीय तहबीच कार्यान्वयन सम्झौता हुने र स्थानीय तहले प्रगति विवरण अर्थ मन्त्रालयलाई दिनुपर्ने व्यवस्था थपिएको थियो । सन् २०१९ अप्रिल ७ मा स्थानीय तहबाहेक अन्य निकायले आयोजना सञ्चालन गर्ने भएमा दुईपक्षीय समझदारी गर्न सकिने प्रावधान थप भएको थियो । साबिकमा जिल्ला विकास समितिबाट सञ्चालन भएका आयोजना जिल्ला समन्वय समितिले सम्पन्न गर्ने व्यवस्था गरिएको थियो ।

सन् २०२० अगस्त र सन् २०२३ अगस्तमा सहायता सम्झौता तीन वर्षका लागि नवीकरण गरिएको थियो । सन् २०२४ जनवरी ४ मा सामुदायिक विकासमा उच्च प्रभाव पार्ने आयोजना सम्बन्धी सम्झौता भएको थियो । सम्झौताले प्रतिआयोजना लागत बढीमा २० करोड रुपियाँसम्म हुने व्यवस्था गरेको हो । भारतले जति कठोर नियमको पालना अन्य कुनै मित्रराष्ट्रहरूले गर्नुपरेको छैन । अन्य देश भए सम्झौता तोडेर सहयोग रकम बन्द गर्न सक्ने थियो ।

जापानले करीब ६० वर्ष अघि सम्झौता अनुसार नेपालमा गैरसरकारी संस्थामार्फत आयोजना सञ्चालन गर्ने गरेको, चीनले ठेकेदार तथा परामर्शदाता छनोटदेखि आयोजना कार्यान्वयनसमेत आफ्नै संयन्त्रमार्फत गर्ने गरेको उदाहरण छ । तर तिनका विरोधमा बोल्दै नबोल्ने, केही गर्नै नहुने भित्री डर कायम रहेको देखिन्छ । चीनसँग भएका सम्झौता अथवा नेपालमा चीनले गर्ने गरेको आयोजना सञ्चालनमाथि प्रश्न उठाउने काम कहीं कतैबाट आजसम्म भएको छैन ।

अमेरिकाले कार्यान्वयन सहयोगी छनोट गरी आयोजना सञ्चालन गर्ने गरेको, बेलायतले अन्तर्राष्ट्रिय परामर्शदातामार्फत सहयोग परिचालन गरेको, अस्ट्रेलियाले आफ्नै गैससमार्फत आयोजना सञ्चालन गर्ने गरेको, अनेकौं पश्चिमा मुलुक र केही इस्लामिक देशहरूले पनि धार्मिक र सामाजिक संस्थाहरूमा सोझै लगानी गरेको तीतो यथार्थ बिर्सिदिने काम भएको छ । नेपालमा यति बढी धर्म परिवर्तनका घटना कसरी भयो र भइरहेका छन् ? नेपालीहरूको गरीबीबाट फाइदा उठाई उनीहरूलाई पैसाको प्रलोभन दिई धर्म परिवर्तन गराउने काम बन्द भएको छैन । हाम्रो धर्म, संस्कृति, मान्यता र परम्परामाथि नाङ्गो प्रहार हुँदा र यसलाई समाप्त पार्ने अभियान नै चलिरहँदा पनि हाम्रो आत्मा स्वविवेकलाई व्यथा पुऱ्याएको मानिंदैन । त्यहाँनिर हाम्रो आत्मसम्मान, राष्ट्रियता र स्वाभिमान माथि प्रहार भएको हुँदैन, तर विगत साढे सात दशकदेखि नेपालको हरेक सुखदुःखमा साथ दिने भारतसित विगतमा भएका सम्झौताहरूको पनि विरोध हुने काम भएको देखिन्छ । नेपाललाई सहयोग उपलब्ध गराउने अन्य मुलुकहरूले समेत यस्ता आयोजनाहरू आफैं सञ्चालन गर्ने गरेका छन् । विकास–निर्माण कार्यको विरोध हुनु दुर्भाग्यपूर्ण हो । विद्यालय, अस्पताल, पुस्तकालय, प्रयोगशाला भवन, विद्यालय छात्रावास, सामुदायिक भवन र सानातिना सडक निर्माण हुँदा नेपाली जनता नै लाभान्वित हुने हो । फेरि यो फर्काउनु नपर्ने अनुदान सहयोग हो, तसर्थ यस्तो विरोध औचित्यहीन देखिन्छ ।

# दुर्घटनाको गाडी भाग्यो, चालकले फोन चलाइरहेका पो छन् कि ? अब हुने छ निगरानी

काठमाडौं, २६ पुस/रासस

नेपालमा गाडीले मान्छे हानेर भाग्ने र त्यसको पहिचान नहुने ठूलो समस्या छ । उपत्यकालगायत देशभरिका सडकमा प्रविधिको प्रयोग न्यून हुँदा पनि यो समस्या आइरहेको छ । जसले नेपाल प्रहरीलाई हैरानी दिने गरेको छ ।

अब भने त्यसको पनि निगरानी गरी पहिचान गर्न सकिने नयाँ प्रविधि काठमाडौं उपत्यकामा भित्रिएको छ । काठमाडौं महानगरपालिकाको सहयोगमा उपत्यका प्रहरीले त्यसरी भागेका गाडीका नम्बरप्लेट र चालकले गाडी चलाउँदा कस्तो गतिविधि गरिरहेको छ भनेर रिड गर्ने क्षमताको अत्याधुनिक क्यामेराको प्रयोग थालिएको छ ।

जसलाई 'अटोमेटिक नम्बरप्लेट रिकग्नाइजेशन क्यामेरा' (एएनपिआर) भनिन्छ । मुख्यगरी यसले चालकको गतिविधि नियन्त्रणमा सहयोग पुग्नेछ । सिटबेल्ट लगाएको छ कि छैन, चालकले धूमपान गरेर गाडी चलाएको छ कि ? फोनमा कुरा गरेर पो गाडी चलाएको छ कि ? भनेर पत्ता लगाउन उक्त क्यामेराले सहयोग गर्छ । अनि नम्बरप्लेट पनि रिड गरेर पठाउँछ ।

आधुनिक प्रविधियुक्त उक्त क्यामेराले गाडीको नम्बरप्लेट र चालकको सिटसम्मकै गतिविधि फोटो खिचेर सर्बरमा पठाउने हुँदा ट्राफिकिङमा यसले ठूलो सहयोग गर्ने विश्वास गरिएको काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक दिनेशराज मैनालीले बताए ।

"मानौं कुनै गाडी दुर्घटना गराएर भाग्यो, त्यसको रङमात्रै थाहा भयो, तर नम्बरप्लेट पहिचान भएन भने उक्त क्यामेराले त्यो बाटो भएर गएको गाडीको नम्बरप्लेट रिड गरेर राख्छ र सर्बरमा पठाउँछ । त्यसपछि त्यो रङको सबै गाडीको नम्बर पहिचान हुन्छ, अनि यातायातसँग समन्वय गरेर गाडीधनीसम्म पुग्न सकिन्छ"–मैनालीले रासससँग भने ।

"मानिसले सत्य नबक्न पनि सक्छ, तर प्रविधि र प्रमाणले सत्य बक्नै पर्छ, त्यसकारण तथ्यमा आधारित भएर प्रमाण जुटाउन यसले सहयोग गर्छ"– प्रहरी वरिष्ठ उपरीक्षक मैनालीले थपे– "अहिले हामीले कोटेश्वरको मुनिभैरव, नयाँ बसपार्क र महाराजगंज क्षेत्रमा जडान गरेका छौं ।" आधुनिक प्रविधि भएकोले नेपाली र इम्बोस्ट नम्बरलाई पनि क्याप्चर गर्छ । उनका अनुसार चारवटा मुनिभैरवमा, चारवटा महाराजगंज क्षेत्रमा र दुई बसपार्क क्षेत्रमा जडान गरिएको छ । त्यसले सूचनाहरू उपत्यका प्रहरीको कन्ट्रोलमा पठाउँछ । त्यसबाट विश्लेषण गरेर आवश्यक काम गर्न सकिन्छ ।

यस अघि प्रहरीलाई 'हिट एन्ड रन' का घटनामा व्यक्ति र गाडी पहिचान गर्न गाह्रो हुनथ्यो, अब यो राखेपछि दुर्घटनाबाट भागेको गाडी पत्ता लगाउन सकिन्छ । कालो गाडी थियो भनेर पत्ता लागेपछि कालो गाडी जतिको नम्बरप्लेट क्यामेराले पहिचान गर्छ, त्यसपछि यातायातसँग समन्वय गरेर धनी पत्ता लगाउन सकिन्छ ।

केही दिन अघि जडान गरिएको उक्त क्यामेराका लागि काठमाडौं महानगरपालिकाको सहयोग रहेको छ । यसलाई अब विस्तार गर्दै लैजान जरूरी रहेको उपत्यका प्रहरीले जनाएको छ । अरू पालिकाले पनि सहकार्य गर्ने कुरा भइरहेको छ, अब यो आर्थिक वर्षभरिमा काठमाडौंका नाकामा राख्ने योजना रहेको मैनालीले जानकारी दिए । रातिको समयका लागि समेत यसले काम गर्छ । गाडीको लाइट काटेर नम्बर क्याप्चर गर्ने क्षमता यसको रहने बताइन्छ ।



उपत्यकामा यस्ता विभिन्न प्रविधियुक्त क्यामेरा १७० वटा राख्न लागिएको छ । फेसरिड क्यामेरा १० ठाउँमा, अटोमेटिक नम्बरप्लेट रिकग्नाइजेशन क्यामेरा १० ठाउँमा र भिडियो म्यानेजमेन्टसहितको क्यामेरा (एआई प्रविधिमा आधारित) १५० स्थानमा जडान गर्न लागिएको छ । उक्त प्रविधि जडानमा सिनर्जी आइटी सोलुसन काठमाडौंको प्राविधिक सहयोग रहेको छ । सोलुसनका कार्यकारी निर्देशक मनोज खड्काले विभिन्न प्रविधियुक्त ती क्यामेराले फरक–फरकरूपमा काम गर्ने बताए ।

उनले फेसरिड क्यामेराले अपराधी पत्ता लगाउन सहज हुने बताए । हराएको कुनै व्यक्तिको फोटो सेट गरेको खण्डमा उक्त क्यामेराले त्यो व्यक्ति त्यस क्षेत्रमा पुगेको फेला पारेमा रिड गरेर पठाउँछ । भीडभाडमा यसले व्यक्ति पत्ता लगाउन सजिलो हुने उनले बताए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## सफा अर्थ व्यवस्था के हो र किन आवश्यक छ ?

अर्थविशेष



विश्वराज अधिकारी

akoutilya@gmail.com

**चीन र भारतले धनी हुने सुरमा आफ्ना अनेक शहरलाई अति प्रदूषितसमेत पारेका छन् । सन् २०२३ को तथ्याङ्क अनुसार भारतको दिल्ली, कोलकाता तथा मुम्बई र चीनको शेयाङ र हाङजु विश्वका दस अति प्रदूषित शहरमध्ये पर्न पुगेका छन् ।**

यो देश त्यो देश भनेर हामी बाँडिए तापनि र यो मेरो देश, त्यो तिम्रो देश भनेर हामी विभाजित भए तापनि हामीमाथिको आकाश एउटै छ । पृथ्वी एउटै छ । विश्व–वातावरण एउटै छ । यो पृथ्वीको उपभोग र रक्षा गर्ने सन्दर्भमा हामी सबै एउटै हौं । हामीबीच कुनै पनि किसिमको विभाजन छैन । यस पृथ्वीको रक्षाप्रति सबैको दायित्व समान छ ।

जुनसुकै देश र जहाँबाट पनि हामीले गर्ने क्रियाकलापले सम्पूर्ण पृथ्वीलाई प्रभावित गर्छ । सम्पूर्ण विश्व–वातावरणलाई प्रभावित गर्छ । तर यो कुराको बोध भने बल्ल अहिले आएर भएको छ । जनस्तरमा होइन, केवल सरकारस्तरमा बोध भएको छ । तर यस्तो बेला बोध भएको छ, जब स्थिति चिन्ताजनक अवस्थामा पुगेको छ; सङ्कटको नजीक पुगेको छ ।

यदि हामीले परम्परागत ऊर्जा ( Fossil Fuel– petroleum products, coal, natural gas) प्रयोग गरि नै रहने हो; छिटै धनी हुन अनेक देशले परम्परागत ऊर्जा ठूलो परिमाणमा प्रयोग गरि नै रहने हो भने अनेक किसिमका प्राकृतिक समस्या उत्पन्न भएर यो पृथ्वीमा प्राणी बस्न सक्ने अवस्था लोप हुनेछ । पृथ्वीकै पनि विनाश हुनेछ । मानव सभ्यता समाप्त हुनेछ । विज्ञहरू यस्तै भविष्यवाणी गर्दैछन् । हाम्रो पौराणिक कथाहरूले भन्ने ‘प्रलय’ यही हुनेछ ।

पाकिस्तानमा हालै आएको बाढी, क्यालिफोर्नियाको जङ्गलमा लागेको आगो, क्यानाडाको जङ्गलमा लागेको आगो, मावी (हवाई) को आगलागी, यस्ता अनेक प्राकृतिक विपद्हरू पृथ्वीको तापक्रम बढ्नुसँग जोडिएका छन् । अर्थात् पृथ्वी अत्यधिक तातेर त्यस्तो भएको हो ।

जब सन् १९४० देखि पृथ्वीको ताप मापन गर्न थालियो त्यस बेलादेखि अहिले (सन् २०२४) सम्म, सन् २०२३ को वर्ष सर्वाधिक तातो हुन पुगेको पाइयो । एक सय वर्ष पहिले पृथ्वी जति तातेको थियो त्यसको तुलनामा अहिले पृथ्वी अति नै तातेको पाइयो । सन् २०२३ को मेदेखि डिसेम्बरसम्मको अवधि–दुई सय दिन पृथ्वी अति तातेको मापन गरिएको छ । यसरी पृथ्वी तात्ने क्रम बढ्नु राम्रो होइन । यसमा नियन्त्रण अति आवश्यक छ । हामीले अहिले प्रयोग गर्ने ऊर्जा, परम्परागत ऊर्जाको विसर्जनले यो पृथ्वी अभूतपूर्व किसिमले तातिरहेको छ ।

पृथ्वीको तापक्रम बढ्नु अब कुनै एक देशको मात्र चिन्ता रहेन । यो हरेक देशको चिन्ता हुन पुगेको छ । यो पृथ्वीमा बस्ने हरेक व्यक्तिको चिन्ता हुन पुगेको छ ।

परम्परागत ऊर्जाको खपत कुनै पनि देशमा, सर्वाधिक बढी त्यस देशको अर्थ व्यवस्थाले गर्दछ । उद्योग र व्यापारमा सर्वाधिक ऊर्जा खपत हुन्छ । अहिले विश्व अर्थ व्यवस्था ऊर्जामैं आश्रित हुन पुगेको छ । विश्व अर्थ व्यवस्थालई ऊर्जाले गति दिएको छ । ऊर्जको प्रयोग नहुने हो भने कुनै पनि देशको अर्थ व्यवस्था रोकिन पुग्छ । अर्कोतिर सबै देशले प्रयोग गर्ने ऊर्जा भने, मुख्यरूपमा, एउटै छ । सबै देशले अहिले ठूलो परिमाणमा परम्परागत ऊर्जा, त्यसमा पनि बढी, जीव–अवशेष ऊर्जा (Fossil Fuel) प्रयोग गरिरहेका छन् । अनि परम्परागत ऊर्जाको अति प्रयोगले हाम्रो साझा पृथ्वीलाई तताइरहेको छ ।

पृथ्वीको तापक्रम बढ्न नदिन र मानव सभ्यता जोगाउन हामीले हाम्रो वा प्रत्येक देशको अर्थ व्यवस्थाको प्रकृतिमा नै परिवर्तन गर्नुपर्ने स्थिति उत्पन्न भएको छ । परम्परागत ऊर्जामा आश्रित रहेको राष्ट्रिय एवं विश्व अर्थ व्यवस्थालाई अब सफा अर्थ व्यवस्थामा रूपान्तरित गर्नुपर्ने भएको छ । अर्थ व्यवस्थालाई ‘सफा अर्थ व्यवस्था’ मा रूपान्तरण गर्न अब ढिलो गर्नुहुँदैन । यस्तो किसिमको माग अब चारैतिरबाट उठ्न थालेको छ।

**सफा अर्थ व्यवस्था भनेको के हो ?**

कुनै पनि (देशको) अर्थ व्यवस्थाले केवल सफा ऊर्जा प्रयोग गर्नु सफा अर्थ व्यवस्था हो । परम्परागत ऊर्जाको स्थानमा पुनःनवीकरणीय ऊर्जा प्रयोग गर्नु सफा अर्थ व्यवस्था हो । सफा अर्थ व्यवस्थाको अवधारणले वायु ऊर्जा, सौर्य ऊर्जा, जैव ऊर्जा, जलविद्युत्जस्ता पुनःनवीकरणीय ऊर्जाको उत्पादन र प्रयोगमा जोड दिन्छ । अर्को शब्दमा भन्दा सफा अर्थ व्यवस्थाले पृथ्वीको अस्तित्व रक्षालमा जोड दिन्छ । वायु ऊर्जा, सौर्य ऊर्जा, जैव ऊर्जा, जलविद्युत् आदि सफा ऊर्जा हुन् । यिनको प्रयोगले परम्परागत ऊर्जाले जस्तो पृथ्वी तात्दैन ।

सन् २०५० सम्म विश्व अर्थ व्यवस्थालाई परम्परागत ऊर्जा अर्थ व्यवस्थाबाट सफा अर्थ व्यवस्थमा रूपान्तरण गर्न विश्वभरिबाट माग गरिएको छ । कतिपय देशले सन् २०५० सम्म आफूलाई सफा अर्थ व्यवस्थामा रूपान्तरित गर्ने भनी राष्ट्रिय नीति नै बनाइसकेका छन् । जर्मनी, फ्रान्स आदिले सन् २०५० सम्म परम्परागत ऊर्जाको प्रयोग बन्द गर्ने भनी घोषणासमेत पनि गरिसकेका छन् ।

**के सफा अर्थ व्यवस्थामा रूपान्तरित हुन सम्भव छ ?**

सम्भव पनि छ र असम्भव पनि छ । सम्भव यस कारणले छ कि पृथ्वीलाई अति तात्नबाट जोगाउनुको विकल्प छैन । हामीले परम्परागत ऊर्जाको प्रयोग यसरी नै गरिरहने हो, विकल्पको खोजी नगर्ने हो भने पृथ्वी तातेर यो पृथ्वीबाट मानव सभ्यता नै समाप्त हुन पुग्छ । यस कारणले अब सबै राष्ट्रले सफा अर्थ व्यवस्थमा रूपान्तरित हुने विषयलाई महत्त्व दिनेछन् र दिनु पनि पर्छ ।

असम्भव यस हुनाले छ कि छोटो अवधिमा यो गर्न सकिंदैन । यसका लगि लामो अवधि चाहिन्छ । त्यसकारण छोटो अवधिमा सफा अर्थ व्यवस्थामा रूपान्तरित हुन सम्भव छैन, लामो अवधिमा भने सम्भव छ । इराक, इरान, साउदी अरेबिया, रूस, युनाइटेड अरब इमिरेट्स यस्ता राष्ट्रहरू हुन् जसको अर्थ व्यवस्था परम्परागत ऊर्जा उत्पादन र बिक्रीमा निर्भर छ । साउदी अरेबियाले पेट्रोलियम पदार्थ उत्पादन बन्द गर्ने हो भने त्यस देशको अर्थ व्यवस्थामा नै ढल्न सक्छ । परम्परागत ऊर्जामा आश्रित रहेका देशहरूलाई सफा अर्थ व्यवस्थमा रूपान्तरित हुन वर्षौं लाग्न सक्छ । यो कारणले गर्दा पनि सफा अर्थ व्यवस्थमा रूपान्तरित हुन सजिलो छैन ।

चीन, भारतजस्ता नव धनाढ्य देशहरूको अर्थ व्यवस्था पूर्णरूपमा परम्परागत ऊर्जको प्रयोगमा निर्भर रहेको छ । परम्परागत ऊर्जाको प्रयोगले नै यी राष्ट्रहरूलाई छोटो समयमा धनी हुन सघाएको हो । चीन र भारतले धनी हुने सुरमा आफ्ना अनेक शहरलाई अति प्रदूषितसमेत पारेका छन् । सन् २०२३ को तथ्याङ्क अनुसार भारतको दिल्ली, कोलकाता तथा मुम्बई र चीनको शेयाङ र हाङजु विश्वका दस अति प्रदूषित शहरमध्ये पर्न पुगेका छन् । चीन, भारत जस्ता नवधनाढ्य हुन खोज्ने राष्ट्रहरूलाई पनि सफा अर्थ व्यवस्थमा रूपान्तरित हुन केही समय लाग्नेछ । अर्कोतिर यिनीहरूले प्रयोग गर्ने ऊर्जाको विसर्जनबाट पृथ्वी झन्झन् तातिरहेको छ ।

विकासशील राष्ट्रहरूलाई पनि सफा अर्थ व्यवस्थमा रूपान्तरित हुन समय लाग्नेछ । हुन पनि सफा अर्थ व्यवस्थामा रूपान्तरित हुन सजिलो छैन । इन्डोनेशिया, ब्रजील, दक्षिण अफ्रिका आदिले पनि सफा अर्थ व्यवस्थमा रूपान्तरित हुन समस्या बेहोर्नुपर्नेछ ।

स्थिति अर्कोतर्फ यस्तो छ कि सफा अर्थ व्यवस्थामा हरेक देशले आफूलाई रूपान्तरित गर्नु अनिवार्य छ । पृथ्वी तात्नु अब कुनै एउटा देशको समस्या नभएर विश्वभरिका राष्ट्रहरूको साझा समस्या हुन पुगेको छ । कुनै पनि देश सफा अर्थ व्यवस्थामा रूपान्तरित हुनुको विकल्प छैन । ढिलो वा चाँडो रूपान्तरित हुनु नै पर्छ ।

धर्ती माताले भन्दैछिन्–“तिमीहरूको धनी र सुविधासम्पन्न हुने सपना र क्रियाकलापले मलाई अति तातो पारेर मेरो अस्तित्व नै समाप्त हुने स्थितिमा पुऱ्यायो । तर याद राख, मेरो अस्तित्व समाप्त भएमा तिमीहरूको अस्तित्व पनि समाप्त हुनेछ ।”

पृथ्वीलाई अति तात्नबाट जोगाउनु अब प्रत्येक विश्व– नागरिकको कर्तव्य हुन पुगेको छ ।



**व्यावसायिक तरकारी खेती:** धनगढी उपमहनगरपालिका– २ दीपटोल नजीकै एक स्थानीय किसानले गरेको व्यावसायिक तरकारी खेती । केही दिनदेखि यहाँ जाडो बढेसँगै बाक्लो हुस्सु लाग्ने गरेकोले तरकारी बचाउन टनेलको प्रयोग गरिएको ती किसानले बताएका छन् । तस्वीर : रासस

## सामाजिक सुरक्षा कोषलाई सबै नागरिकसम्म पुऱ्याउन आग्रह

काठमाडौं, २६ पुस ⁄ रासस

सरकारले लागू गरेको सामाजिक सुरक्षा कोषलाई सबै नागरिकसम्म पुऱ्याउन सरोकार भएकाले आग्रह गरेका छन् ।

सामाजिक सुरक्षा कोष र नेपाल घरेलु तथा साना उद्योग महासङ्घबीच आज भएको औपचारिक क्षेत्रका श्रमिकको सामाजिक सुरक्षा विषयमा अन्तर्क्रिया कार्यक्रममा सरोकार भएका निकायका अधिकारीले सो आग्रह गरेका हुन् ।

कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव केवल भण्डारीले नेपालको संविधानमा उल्लिखित सामाजिक सुरक्षासम्बन्धी हक कार्यान्वयन हुनेगरी सरकारले अघि बढाएको यस कार्यक्रममा आबद्ध हुन सबैलाई आह्वान गरे । साथै उनले सामाजिक सुरक्षा कार्यक्रमलाई सबै नागरिकसम्म पुऱ्याउन मन्त्रालयबाट आवश्यक समन्वय र सहयोगमा कुनै कमी हुन नदिने प्रतिबद्धता व्यक्त गरे ।

कोषका कार्यकारी निर्देशक कविराज अधिकारीले कोषको महत्त्वबारे प्रकाश पार्दै कोषमा आबद्ध हुने प्रक्रिया र अवस्थाबारे जानकारी गराएका थिए । घरेलु तथा साना उद्योग महासङ्घका निवर्तमान अध्यक्ष श्यामप्रसाद गिरीले कोषमा आबद्ध हुँदा देखिने चुनौती सामना गर्न आवश्यक सहयोगका लागि सरकारसँग आग्रह गरेका थिए । संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसी) का पूर्व अध्यक्ष विनोद श्रेष्ठले कोषमा थप रोजगारदातासमेत समेट्न ध्यानाकर्षण गराए ।

सामाजिक सुरक्षा कोषको स्थापना सामाजिक सुरक्षा (व्यवस्थापन कोष तथा सञ्चालन) नियमावली, २०६७ जारी भई सोबमोजिम २०६७ साल चैत ७ गते भएको हो । कोषले स्थापनाकालदेखि सामाजिक सुरक्षा करको व्यवस्थापन गर्दै आएकोमा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ जारी भएपछि सो ऐनबमोजिम कार्य गर्दै आएको छ ।

सबै श्रमिकलाई सामाजिक सुरक्षा योजनामा आबद्ध गराई उनीहरूको आर्थिक तथा सामाजिक जोखिमको न्यूनीकरण गर्ने, सर्वव्यापी सामाजिक सुरक्षाको अवधारणालाई मूर्तरूप दिने तथा योगदानमा आधारित सामाजिक सुरक्षाको संवैधानिक हक सुनिश्चित गर्ने दिशातर्फ कोषका कार्यक्रम लक्षित छन् ।

## वनस्पतिबाट साबुन बनाउने उद्योग सञ्चालन गर्दै मनिता घिमिरे

धरान, २६ पुस ⁄ रासस

धरानकी मनिता घिमिरेले तितेपाती, नीम, घिउकुमारी, बकाइनोजस्ता वनस्पतिबाट साबुन बनाउने घरेलु उद्योग सञ्चालन गरेकी छन् । उनले उत्पादित साबुन मेला, महोत्सव, प्रदर्शनीलगायत अन्यत्र बिक्री गर्दै आएकी छन् । उनले भनिन्–“अनलाइनबाट पनि राम्रो बिक्री भइरहेको छ । अर्ग्यानिक सामान पाइने पसलमा पनि साबुन बिक्री हुन्छ ।”

नेपाली विषयमा स्नातकोत्तर गरेकी घिमिरे पहिल्यैदेख अन्यत्र रोजगार खोज्नुभन्दा आफैं केही गर्नुपर्छ भन्ने सोचमा थिइन् । उनले भनिन्–“केही वर्ष अघि काठमाडौंको ठमेलमा विदेशीले प्राकृतिक साबुन खोजी गरेपछि यसको महत्त्व बुझें । ठमेलमैं एकजना विदेशीबाट साबुन बनाउने तालीम पनि लिएँ । यसरी सिकेको सीप खेर जान दिनुहुँदैन भनेर त्यसलाई व्यवहारमा उतार्न थालें ।”

विगत छ वर्षदेखि धरान–१५ स्थित आफ्नै घरमा साबुन उद्योग सञ्चालन गरिरहेकी उनी रु ५० हजार लगानीमैं साबुन उत्पादन शुरू गर्न सकिने बताउँछिन् । यसमा थोरै लगानीबाट धेरै आम्दानी गर्न सकिने उनको भनाइ छ । “मैले त छ वर्ष अघि रु २५ ⁄ ३० हजार लगानीबाट शुरू गरेकी थिएँ । यसबाट सोचेभन्दा राम्रै फाइदा भयो”–उनी भन्छिन्–“अहिले सामाजिक सञ्जालबाटै धेरै माग आउँछ । पसलबाट पनि माग आउँछ । साबुनबाटै आफूलाई चाहिने खर्च पूरा गरेकी छु ।”

उनले पछिल्लो समय महिलालाई साबुन बनाउने तालीम पनि दिंदै आएकी छन् । उनले उदयपुरको गढी गाउँपालिका, सुनसरीको इटहरी उपमहानगरपालिकामा तालीम सञ्चालन गरिसकेकी छन् । उनी भन्छिन्–“आफ्नै गाउँघरमा पाइने वनस्पति प्रयोग गरेर साबुन बनाउँदा देशको पैसा बाहिरिन पाउँदैन । यसबाट उपभोक्तादेखि देशसम्मलाई फाइदा हुन्छ ।” फुर्सदको समय सदुपयोग गरेर साबुन बनाई आम्दानी गर्न सक्ने उनको बुझाइ छ । यसका लागि घर परिवारको साथ र स्थानीय सरकारले सहयोग गरे धेरै महिला घर बसेरै स्वरोजगार बन्न सक्ने उनको धारणा छ ।

“थोरै खर्चमा शुरू गर्न सकिने यस्तो व्यवसायका लागि स्थानीय तहमा वडा कार्यालयले पनि विपन्नलाई लक्षित गरेर कार्यक्रम सञ्चालन गर्न सक्छन्”–उनी भन्छिन्–“हेर्दा सामान्य कामजस्तो लागे पनि यसबाट एकातिर बेरोजगारीले रोजगार पाउँछन्, स्वास्थ्यका लागि पनि फाइदाजनक छ । साबुनका नाममा बाहिरिने रुपियाँ पनि कम गर्न सकिन्छ ।”

## दश हजार किसानलाई दूधमा अनुदान दिंदै भरतपुर मनपा

चितवन, २६ पुस ⁄ रासस

भरतपुर महानगरपालिकाले महानगरभित्रका पशुपालक १० हजार किसानलाई दूधमा अनुदान दिने भएको छ । गत वर्ष ६८ वटा सहकारी र १० वटा फार्ममार्फत दूध बिक्री गरेका ती किसानलाई रु छ करोड ३७ लाख अनुदान दिन लागेको हो । उनीहरूले दुई करोड १० लाख लिटर दूध बिक्री गरेबापत यो अनुदान पाउने छन् ।

भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहाल पहिलोपटक निर्वाचित भएपछि दूधमा अनुदान दिन थालिएको हो । उनका अनुसार पहिलो वर्ष प्रतिलिटर २५ पैसा अनुदान दिइएको थियो । त्यसपछिका दुई वर्ष प्रतिलिटर रु एक र त्यसपछिका योसहित तेस्रो वर्ष प्रतिलिटर रु तीन अनुदान दिइँदै छ । गत वर्षको दूधको अनुदान रकम यो वर्ष दिइँदै छ । बजेटमा रु पाँच करोड ५० लाख दूधको अनुदानमा विनियोजन गरिएकोमा अपुग भएपछि

(बाँकी चौथो पातामा)

# सहकारीमा स्वेच्छाचारिता

अर्थ-उद्योग-वाणिज्य

शीतल महतो
shitalmahato@gmail.com

**हुनत सबै सहकारी संस्था समस्याग्रस्त छैनन्, कानून पालना गर्दै स्वनियमनमा चलेका सहकारी संस्थाहरूले राम्रा-राम्रा काम गरिरहेका पनि छन् । उद्यम गर्न चाहनेहरूलाई कर्जा पनि प्रवाह गरिरहेका छन्, सदस्यहरूको भविष्य सुरक्षाका लागि बचत गर्दै लाभसमेत लिइरहेका छन् ।**

सामूहिक बचत गरी सदस्यहरूबीच कर्जा परिचालन गर्ने सहकार्यको अवधारणाबाट विकसित भएको सहकारी अभियान अहिले सीमित व्यक्तिहरूको निहित स्वार्थका कारण सकसमा परेको छ । सार्वजनिक, निजी र सहकारी संस्थाको संयुक्त प्रयास र सहकार्यबाट नै मुलुक समृद्ध हुने हो। नेपालको संविधानले सङ्कल्प गरेको आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माणमा सहकारीले अर्थपूर्ण योगदान पुऱ्याउन सक्छ । संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामार्फत उपलब्ध साधनस्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानता अन्त्य गर्दै शोषणरहित समाज निर्माण र आत्मनिर्भर अर्थतन्त्र बनाउन जोड दिएको छ ।

यस सन्दर्भमा नेपालको आर्थिक समृद्धिका लागि सबैभन्दा महत्त्वपूर्ण र सशक्त क्षेत्रका रूपमा सहकारीलाई लिन सकिन्छ । सहकारी क्षेत्रको माध्यमबाट नै छरिएर रहेका आम नेपाली नागरिकका पूँजी, श्रम, सीप र प्रविधिको उपयोग तथा उद्यमशीलताको उचित ढङ्गले विकास र विस्तार गरी मुलुकलाई आर्थिक रूपान्तरणको बाटोमा डोऱ्याउन सकिन्छ । त्यसैले ग्रामीण क्षेत्रमा रहेका आर्थिक विकासका सम्भावनायुक्त स्रोतहरूको पहिचान गरी त्यसको दिगो उपयोग कसरी गर्न सकिन्छ, त्यसबारे व्यापक अध्ययन, अनुसन्धान र खोजी गर्नुपर्दछ र त्यसै अनुरूपको नीति एवं कार्ययोजना पनि बनाउनुपर्दछ ।

विशेष गरेर समान भूगोल र समान उद्देश्य भएका सदस्यबीच सहकार्य स्थापना गरी स्वावलम्बन विकास गर्न सहकारी अभियानको शुरूआत भएको हो । सहकारीको अवधारणा, नियम र कानूनले पनि त्यही भन्छ । मुलुकको आर्थिक विकास र समृद्धिका लागि सहकारीको व्यवस्थापन तथा सञ्चालनमा सुशासन कायम गर्नु अहिले ठूलो चुनौती छ । अधिकांश सञ्चालकहरूको स्वेच्छाचारिताले सहकारीको सिद्धान्त र मर्ममाथि नै अहिले ठूलो प्रश्न खडा गरिदिएको छ ।

अधिकांश सहकारीमा सञ्चालक समितिको चयन, कर्मचारीको नियुक्ति, आम्दानी खर्चको पारदर्शितामा समस्या देखिएको छ । सेयर सदस्यहरूको सदाशयता र विश्वासको गलत फाइदा उठाउँदै केही धूर्त व्यक्तिले सञ्चालकलगायत समितिमा परिवारका सदस्य वा नजीकका व्यक्ति राखेर मनलागी गर्ने क्रम बढ्ने गरेको पाइन्छ। पदाधिकारी चयन, अडिटको प्रमाणीकरणजस्ता काइते एवं रकमी सिन्डिकेटका आधारमा अपारदर्शी साधारणसभाबाट कागजी प्रक्रिया पूरा गरी टाठाबाठाहरूको हैकम कायम राख्ने प्रवृत्ति बिस्तारै मौलाउँदै गएको छ । सहकारीमा खर्चका विवरणाहरू वास्तविकताभन्दा पनि बिल भर्पाई दुरूस्त राखी व्यक्तिगत लाभ लिने दुराशयका कारण सहकारीको समस्या जटिल बन्दै गएका छन् । सहकारी सञ्चालनमा विधि र प्रक्रियासम्मत पारदर्शी कार्यशैलीभन्दा पनि सामन्ती सोच र स्वार्थबाट प्रदूषित हुँदै जानु भविष्यका लागि शुभसङ्केत भने पक्कै होइन ।

हुनत सहकारीको जन्म नै गरीबी, असमानता, विभेद र भेदभावविरुद्ध भएको हो । त्यसैले सहकारीमा देखिएका बेथिति नियमन गर्दै सुशासन कायम गर्न सम्बन्धित निकाय बेलैमा चनाखो हुनुपर्दछ। आम नागरिकको प्रत्यक्ष जनजीवन र उत्पादनसँग जोडिएको सहकारी क्षेत्रको उत्थानमा सबै मिलेर लाग्नुपर्छ । यसमा सरकार र सहकारी आन्दोलनकर्मीको पनि दरिलो साथ र सहयोगको आवश्यकता पर्छ । नेपालमा पछिल्लो समयमा सहकारीको सङ्ख्यात्मक वृद्धि तीव्ररूपमा भएको पाइन्छ। नेपालमा पहिलो सहकारी ऐन-२०४८ बन्दा मुलुकमा ८३३ वटा मात्र सहकारी संस्था रहेकोमा अहिले आएर ३५,२३९ सहकारी दर्ता भएको तथ्याङ्क छ । ती सहकारीमा ८७,४९,१३२ भन्दा बढी व्यक्ति सेयर धनीका रूपमा सङ्गठित भएका छन् ।

पछिल्लो तीन वर्षको तथ्याङ्क हेर्ने हो भने मुलुकमा ४,६४४ सहकारी घटेका छन् । प्राप्त तथ्याङ्क अनुसार मुलुकमा दर्ता भएका सहकारी संस्थामध्ये सङ्घीय सरकार अन्तर्गत १२५, प्रदेश अन्तर्गत ६,२०० र स्थानीय सरकार अन्तर्गत २३७५९ छन् । मुलुकमा हाल सञ्चालित सहकारीमध्ये २० विषयगत केन्द्रीय सङ्घ, एक राष्ट्रिय सहकारी बैंक, एक राष्ट्रिय सहकारी महासङ्घ र २४१ विषयगत जिल्ला सहकारी सङ्घ रहेका छन् । सहकारी सङ्घसंस्थाले मुलुकभर ८८,३०९ जनालाई प्रत्यक्ष रोजगार प्रदान गरेको छ । ती सहकारीमा लगभग ५६ प्रतिशत महिला सदस्य छन् । मुलुकको आर्थिक रूपान्तरणका लागि सशक्त खम्बाका रूपमा रहेको सहकारीको अहिले १० खर्ब, ९४ अर्ब १० करोड सेयर पूँजी रहेको छ । त्यसमध्ये ६ खर्ब ९४ अर्ब २५ करोड ७० लाख बचत सङ्कलन गरी २० लाख ९८ हजार ७२७ जना ऋणीलाई आठ खर्ब चार अर्ब १९ करोड ६० लाख रुपियाँ लगानी गरेको छ । तर राज्यको कमजोर नियमनका कारण रकम अपचलनका घटना दिन प्रतिदिन बढ्दै गएका छन् । नियमनकारी निकायहरू सुस्ताउँदा यस्ता सहकारी संस्थाहरूसमेत बेथितिबाट सङ्क्रमित हुने जोखिम छ । सरकारी संस्थाको कार्यक्षेत्र अनुसार नियमन गर्ने दायित्व सङ्घ, प्रदेश र स्थानीय सरकारलाई हुन्छ । तर सहकारी संस्थाको बेथिति नियन्त्रणका लागि तीनै तहका सरकार उदासीन देखिएका छन् । यसले लाखौं बचतकर्ताको अर्बौं रकम जुनसुकै बेला जोखिममा पर्ने डर छ, विगतमा यस्तो भइपनि सकेको छ ।

लगानीको विविधीकरण नभएको, जोखिम व्यवस्था नगरिएको, अनुत्पादक क्षेत्रको लगानी र पर्याप्त तरलतासमेत नराखिएका कारण पनि सहकारी क्षेत्रमा समस्या आएको देखिन्छ । हुनत सबै सहकारी संस्था समस्याग्रस्त छैनन्, कानूनको पालना गर्दै स्वनियमनमा चलेका सहकारी संस्थाहरूले राम्रा-राम्रा काम गरिरहेका पनि छन् । उद्यम गर्न चाहनेहरूलाई कर्जा पनि प्रवाह गरिरहेका छन्, सदस्यहरूको भविष्य सुरक्षाका लागि बचत गर्दै लाभसमेत लिइरहेका छन् । तर सहकारीको रकम अपचलन गरिरहेका सञ्चालकहरूलाई कानूनी कारबाईको दायरामा ल्याउन नसक्दा चुनौती थपिएको छ । सहकारी क्षेत्रमा आर्थिक (वित्तीय) व्यवस्थापनको विषय मात्र होइन, यतिखेर समग्र सामाजिक उत्तरदायित्व, आफ्ना मूल्य मान्यता र सिद्धान्तसमेत जोगाउनु सहकारीका लागि चुनौतीको पहाड बनेर उभिएको छ । यस्तो विषम परिस्थितिबाट समग्र सहकारी क्षेत्रको संरक्षण, उत्थान, विकास र संवर्द्धन गर्दै सिङ्गो मुलुकको आर्थिक रूपान्तरणका लागि सम्पूर्ण सहकारी अभियानकर्ता, नेतृत्वकर्ता, विभिन्न विषयगत सङ्घसंस्थालगायत राज्य नै एकजुट भएर लाग्नुपर्ने अहिलेको आवश्यकता छ ।



**तरूलको व्यापार:** माघे सङ्क्रान्ति नजीकिँदै गर्दा सुनसरीको इनरूवास्थित बिहीवारे हटियामा बिक्री गर्न राखिएको तरूल । तरूल स्थानीय बजारमा प्रतिकिलो रू ४०-५० मा बिक्री भइरहेको व्यापारी बताउँछन् । तस्बिर: रासस

## भन्सार छलीको सामान भन्सार चलान





प्रस, वीरगंज, २६ पुस/

जिल्ला प्रहरी कार्यालय, पर्साले भन्सार छली-चोरी पैठारी गरी ल्याएको विभिन्न किसिमका सामानहरू बरामद गरी वीरगंज भन्सार बुझाएको जनाएको छ ।

वीरगंज महानगरपालिका-१९ विन्दवासिनी बस्ने नागेश्वर साह कलवारको घरमा राखिएको पूजाको कपडा, रेडबुल, नक्कली गहना, ब्रा, प्लास्टिकको फूल गरी १६ लाख ६७ हजार नौ सय मूल्य बराबरको सामान प्रहरीले नियन्त्रणमा लिई वीरगंज भन्सार बुझाएको छ ।

यसैगरी बाराको विश्रामपुर गाउँपालिका-३ बाट भारतीय नम्बरको कारबाट १८ कार्टुन मदिरा बिओपीका सशस्त्र प्रहरी सहायक निरीक्षक विश्वम्भर पासवानले नियन्त्रणमा लिएको छ । सशस्त्र प्रहरीलाई देखेपछि चालक सामान र कार छाडेर फरार भएको थियो ।

### दश हजार...

पूरक बजेटमार्फत रु ८७ लाख थप गरिएको प्रमुख दाहालले जानकारी दिइन् । उनका अनुसार यति ठूलो रकम दूधमा अनुदान दिने स्थानीय तह भरतपुर हो ।

किसानलाई दूधमा अनुदान दिएसँगै दूध उत्पादन बढेको छ । अघिल्लो वर्ष दूधमा अनुदान रु पाँच करोड १० लाख दिइएको थियो । दूधको उत्पादन बढेसँगै अनुदान रकम थपिएको हो । उनले भनिन्-"अन्य क्षेत्रसँगै कृषि र पशुपालनमा महानगरले प्राथमिकता दिएर काम गरिरहेको छ ।"

महानगर उपप्रमुख चित्रसेन अधिकारीका अनुसार सहकारीमार्फत कृषकको बैंक खातामा अनुदान रकम पुऱ्याइने छ । अनुदान पाउने भएसँगै कृषक उत्साहित भएको उनले बताइन् । उनले भनिन्-"हामीले बाँड्ने रकम ठूलो छ । धेरै कृषक यसबाट लाभान्वित हुनुभएको छ ।" कृषि र पशुपालनमा कसरी राम्रो गर्न सकिन्छ भन्नेमा महानगर रहेको उनले बताइन् ।

महानगरका पशुसेवा शाखा प्रमुख श्यामराज देवकोटाका अनुसार सहकारी र फार्मबाट आवेदन आइसकेकोले माघको पहिलो सातादेखि अनुगमन थालिँदै छ । यससँगै प्रक्रिया अघि बढाएर वैशाखसम्म अनुदान रकम कृषकको खातामा पुऱ्याइने उनले बताए ।

चालू आर्थिक वर्षमा महानगरपालिकाले कृषिमा अनुदानका लागि रु आठ करोड विनियोजन गरेको थियो । पूरक बजेटमार्फत रु ८७ लाख थप गरेको हो । यससँगै महानगरपालिकाले माछा पोखरीमा विद्युत्को ५० प्रतिशत अनुदान दिँदै आएको छ । पशुचौपायालाई नाम्ले जुकाको औषधि निश्शुल्क वितरण, घरमा गएर बाँझोपन परीक्षण, काउ म्याट वितरण, पशु स्वास्थ्य शिविर गर्दै आएको छ । निर्वाहमुखी कार्यक्रम अन्तर्गत, बाख्रा, बङ्गुर, कुखुरा, हाँसमा अनुदान दिँदै आएको छ ।



भाडाको जग्गामा तरकारी खेती: भेरी नगरपालिका- ५ का किसान दुर्गा महतराले भाडामा जग्गा लिई विभिन्न प्रकारको तरकारी खेती गर्दै । तस्बिर : रासस



## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज-४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. (श्रीमती) निकु मण्डल, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

# अन्तर्राष्ट्रिय समाचार

## पपुवा न्यू गिनीमा भएको हिंसामा १५ जनाको मृत्यु



तस्वीर: एजेन्सी

पोर्ट मोरेस्बी, पपुवा न्यूगिनी/एएफपी

हिंसामा १५ जनाको मृत्यु भएपछि पपुवा न्यूगिनीका प्रधानमन्त्रीले बिहीवार 'अराजकता' विरुद्ध कडा कदम चाल्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

बुधवार साँझ राजधानी पोर्ट मोरेस्बीमा सैनिक, प्रहरी अधिकारी र जेलगार्डको एक समूहले सरकारविरुद्ध प्रदर्शन शुरू गरेपछि हिंसा भड्किएको थियो ।

राजधानीबाट उत्तरतर्फ करीब ३०० किलोमिटर टाढा रहेको लाए शहरमा दङ्गा भड्किएको हो ।

प्रधानमन्त्री जेम्स मारापेले बिहीवार देशसँग माफी माग्दै 'अराजकता' को उत्पत्ति 'सहृय नहुने' बताएका छन् ।

उनले भने–"यो जति मेरो देश हो त्यति नै तपाईंको पनि हो, कानून भङ्ग गर्दैमा कुनै परिणाम प्राप्त हुँदैन ।"

प्रहरी आयुक्त डेभिड म्यानिङले नागरिक अशान्तिका कारण कम्तीमा १५ जनाको मृत्यु भएको पुष्टि गरेका छन्। पोर्ट मोरेस्बीको सबैभन्दा ठूलो अस्पतालले गोली लागेर घाइते भएका २५ जनाको उपचार गरेको एएफपीलाई उपलब्ध गराइएको विवरणमा उल्लेख छ । एएफपी टिभीको फुटेजमा राजधानीका पसलहरूमा लुटेराहरू पसेको, सामान किन्दा प्रयोग गरिने ट्रली र प्लास्टिकका बाल्टिनहरूमा लुटेका सामानहरू कार्डबोर्ड बक्समा भरी लिएर गएको देख्न सकिन्छ ।

एएफपी टिभीको फूटेज अनुसार भवन र कारहरूमा आगजनी गरिएको छ, जसले शहरका सबैभन्दा बढी प्रभावित भागहरूमा कालो धूवाँको बाक्लो मुस्लो उडेको देखिन्छ ।

पोर्ट मोरेस्बीस्थित अमेरिकी दूतावासले लुटेरा समूहलाई तितरबितर पार्न प्रहरीले प्रयास गर्दा आफ्नो कम्पाउन्ड नजीकै गोली चलेको जनाएको छ ।

यस अघि पोर्ट मोरेस्बीस्थित प्रधानमन्त्रीको कार्यालय बाहिर सानो भीड जम्मा भएको र पार्किङ गरिएको प्रहरीको गाडीमा आगजनी गरेको थियो ।

बेइजिङले पपुवा न्युगिनीको सरकारसमक्ष दङ्गामा सहभागीहरूले चिनियाँ स्वामित्वका व्यवसायिक केन्द्रलाई निशाना बनाएको रिपोर्टपछि उजूरी दर्ता गरेको छ ।

पोर्ट मोरेस्बी निवासी तथा पपुवा न्युगिनी विश्वविद्यालयका अर्थशास्त्रका प्राध्यापक माहो लाभेलले बिहीवार साँझसम्म शान्ति बहाली भएको बताए ।

उनले एएफपीसँग भने–"प्रहरी र सर्वसाधारणले लुटेराहरूलाई लखेटेका छन् र उनीहरूले जलिरहेका भवनको आगो निभाई थप क्षति हुनबाट रोकेका छन् । रासस

## इजरायलको गाजा कब्जा गर्ने लक्ष्य छैन : प्रधानमन्त्री नेतन्याहू

जेरूसेलम, २५ पुस/सिन्हवा

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले गाजामाथि कब्जा कायम राख्ने वा प्यालेस्टिनी सर्वसाधारणलाई विस्थापित गर्ने इजरायलको कुनै मनसाय नरहेको बताएका छन् ।

प्रधानमन्त्री नेतन्याहूले गाजापट्टीमा प्यालेस्टिनीहरूको कथित नरसंहारबारे हेगस्थित अन्तर्राष्ट्रिय अदालतमा सुनुवाइ शुरू हुनुभन्दा एक दिन अघि उक्त टिप्पणी गरेका हुन् ।

नेतन्याहूले भने–"इजरायलको गाजालाई स्थायीरूपमा कब्जा गर्ने वा त्यहाँका नागरिकलाई विस्थापित गर्ने कुनै मनसाय छैन भन्ने कुरा म स्पष्ट पार्न चाहन्छु ।"

उनले गाजामा इजरायलले गरेको बमवारी हमासका लडाकूहरूलाई लक्षित गरी गरिएको र हामीले अन्तर्राष्ट्रिय कानूनको पूर्ण पालना गर्दै यस्तो गरिरहेको बताएका छन् ।

नेतन्याहूले भने–"इजरायली सेनाले नागरिक हताहत कम गर्न सक्दो प्रयास गरिरहेको छ भने हमासले प्यालेस्टिनी नागरिकलाई मानव ढालको रूपमा प्रयोग गरेर उनीहरूलाई अधिकतम बलियो बनाउने सक्दो प्रयास गरिरहेको छ ।

"हाम्रो लक्ष्य गाजालाई हमासका 'आतङ्ककारी' लडाकूहरूबाट मुक्त गर्नु र हाम्रा बन्धकहरूलाई मुक्त गर्नु हो"–उनले भने ।

अक्टोबर ७ मा हमासले अचानक आक्रमण शुरू गरेयता सयौं हमास लडाकू र गाजावासीले दक्षिणी समुदायमा आक्रमण गर्दा प्रारम्भिक आक्रमणमा ७९० सर्वसाधारणसहित इजरायलमा करीब १,२०० व्यक्तिको मृत्यु भएको थियो। हमासले २५३ जनालाई बन्धक बनाएको थियो भने गाजामा १३२ जना अझै पनि छन् ।

यसैबीच हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले जारी विज्ञप्तिमा इजरायली आक्रमणबाट मृत्यु हुने प्यालेस्टिनीहरूको सङ्ख्या २३,३५७ पुगेको र गाजाको २३ लाख जनसङ्ख्यामध्ये करीब १९ लाख विस्थापित भएको जनाएको छ । रासस

## शेख हसिना नयाँ प्रधानमन्त्री नियुक्त

ढाका, २५ पुस/सिन्हवा

बङ्गलादेश अवामी लिग पार्टीकी नेतृ शेख हसिनालाई बुधवार नयाँ प्रधानमन्त्री नियुक्त गरिएको छ ।

बङ्गलादेशका राष्ट्रपति मोहम्मद शहाबुद्दीनले सत्तारूढ अवामी लिगकी नेतृ शेख हसिनालाई देशको नयाँ प्रधानमन्त्री नियुक्त गरेका हुन् ।

उनको यो लगातार चौथो कार्यकाल हो । आवामी लिगले संसद्का बहुमत सदस्यको विश्वास प्राप्त गरेकोले राष्ट्रपतिले उनलाई नयाँ सरकार गठनका लागि निमन्त्रणसमेत दिएको क्याबिनेट डिभिजनले राजपत्रमा सूचना जारी गरी जानकारी गराएको छ । आइतवार सम्पन्न आम निर्वाचनमा प्रधानमन्त्री हसिनाको पार्टीले विजय हासिल गरेपछि उनले पार्टीका अन्य सांसदसहित बुधवार सांसद पदको शपथ लिएकी थिइन् ।

निर्वाचन आयोगले मङ्गलवार अपराह्न प्रकाशित गरेको राजपत्रमा प्रकाशित सूचना अनुसार हसिना नेतृत्वको आवामी लिगले संसद्को २९८ सिटमध्ये २२२ सिट जितेको छ भने उनको नेतृत्वको गठबन्धनले २२५ सिट जितेको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – व्यापारवृद्धि | वृष – कडाश्रम |
| मिथुन – कार्यनाश | कर्कट – उदरपीडा |
| सिंह – विजय | कन्या – धनखति |
| तुला – भाग्योदय | वृश्चिक – बेचैनी |
| धनु – मनोरञ्जन | मकर – कर्मप्राप्ति |
| कुम्भ – राज्यभय | मीन – रोगभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे



यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फलेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com




**गोकर्णेश्वर उत्तरगयामा तीर्थालुको भीड:** पौषकृष्ण औंसीका अवसरमा दिवङ्गत पितृका नाममा तर्पण, सिधादान र पिण्डदानका लागि राजधानीको उत्तरपूर्वी भेगस्थित उत्तरगयाका रूपमा प्रसिद्ध गोकर्णेश्वर महादेव मन्दिर क्षेत्रमा भेला भएका भक्तजन । तस्बिर : रासस

## ज्ञानदा एकेडेमीको पदभार तथा ब्याच प्रदान समारोह

प्रस, वीरगंज, २६ पुस/

ज्ञानदा एकेडेमीले कक्षा ११ का विद्यार्थीहरूको पदभार ग्रहण तथा ब्याच प्रदान समारोह सम्पन्न गरेको छ ।

राष्ट्रिय परीक्षा बोर्ड कक्षा ११ मा अध्ययनरत छात्रछात्राहरूलाई नयाँ नेतृत्व र जिम्मेवारी दिने उद्देश्यले पदभार ग्रहण कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रमका प्रमुख अतिथि सिद्धार्थ इन्टरनेशनल कलेजका निर्देशक तथा शिक्षाविद् डा. विश्वम्भरले अहिलेको परिप्रेक्ष्यमा नयाँ पुस्तालाई जीवन पद्धति जिउने नयाँ ज्ञानका ढोका खोल्न र जिम्मेवारी बोध गराउन अति आवश्यक रहेको बताए। उनले उत्तरदायित्व वहन गर्न अनुशासनका दायरा र विविध ज्ञान र सोचमा परिवर्तन ल्याउन यस प्रकारका जिम्मेवारी दिनुपर्ने बताए । उनले युवाहरूको विदेश पलायन हुन रोक्नुपर्ने र स्वदेशमैं बस्न आजका युवाहरूलाई प्रोत्साहित गर्नुपर्ने बताए ।



तस्वीर: सौजन्य

कार्यक्रममा ४२ जना पदाधिकारीहरूलाई ब्याच र पदभार ग्रहण एकेडेमीका अतिरिक्त क्रियाकलाप संयोजक फुर्वा शेर्पाले गराएका थिए ।

कार्यक्रममा हेडब्वाय तथा हेड गर्ल, डेपुटी हेडब्वाय तथा हेड गर्ल, डिसिप्लिन इन्चार्ज ब्वाय र गर्ल, स्पोर्टस ब्वाय र गर्ल, एकेडेमिक प्रिफेक्ट्स, हाउस कैप्टेन ब्वाय र गर्ल, डेपुटी हाउस क्याप्टेन ब्वाय र गर्ल तथा हाउस प्रिफेक्ट्सहरूलाई पदभार ग्रहण र ब्याच प्रदान गरिएको थियो।

ज्ञानदा एकेडेमीका अध्यक्ष सन्दीप तुलस्यानको अध्यक्षतामा भएको कार्यक्रममा माउन्ड एडमन्ड स्कूलका प्रबन्ध निर्देशक फजिल अहमद, बिकन स्कूलका निर्देशक प्रकाश उपाध्याय र ज्ञानदा एकेडेमीका प्रमुख कार्यकारी अधिकृत तथा प्रधानाध्यापक राजेन्द्रप्रसाद कोइरालालगायतको सहभागिता थियो। कार्यक्रममा स्वागत वशिम हुसैनले गरेका थिए र सहजीकरण विद्यार्थी राजनप्रसाद यादव र रोमा पटेलले गरेका थिए ।

## पेट्रोलियम कारोबारको एकाधिकार पाएको निगम चवन्न वर्षमा

काठमाडौं, २६ पुस/रासस

मुलुकमा पेट्रोलियम पदार्थको आयात, भण्डारण र वितरणको एकाधिकार पाएको नेपाल आयल निगम आजदेखि ५४औं वर्षमा प्रवेश गरेको छ ।

करीब डेढ दशकदेखि डिजेल, पेट्रोल र मट्टितेलको आयात, भण्डारण र बिक्री निजी क्षेत्रलाई खुला गरिएको भए पनि एलपी ग्याँसको कारोबारबाहेक अन्य पेट्रोलियम पदार्थको कारोबारमा निजी क्षेत्रको सहभागिता हुन सकेको छैन । निगमले विराटनगर, भद्रपुर, अमलेखगंज, वीरगंज, जनकपुर, थानकोट, मन्थली, भैरहवा, नेपालगंज, पोखरा, दाङ, सुर्खेत, दिपायल र धनगढीबाट पेट्रोलियम पदार्थको कारोबार गरिरहेको छ ।

निगम केन्द्रीय कार्यालय, टेकुमा आज आयोजित कार्यक्रममा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले सरोकारवालासँग भएको छलफलका आधारमा निगमलाई थप सुदृढ बनाएर लगिने घोषणा गरे । निगमले आफ्नो सेवा चुस्त बनाउँदै लैजान जोड दिंदै उनले भण्डारण क्षमता विस्तारमा ध्यान दिन आग्रह गरे ।

निगम सञ्चालक समितिका अध्यक्ष एवं आपूर्तिसचिव नारायणप्रसाद शर्मा दुवाडीले निगमलाई सबल र सक्षम संस्थाका रूपमा विकास गर्न विभिन्न चुनौती रहेको औंल्याउँदै दायित्वमुक्त हुँदैमा वित्तीय अवस्था सुदृढ छ भनेर ढुक्क हुन हुन नसक्ने बताए । उनले व्यावसायिक छवि उकास्न तथा नागरिकप्रति दायित्व पूरा गर्न नीतिगत सुधार आवश्यक रहेको बताए ।

नेपाल पेट्रोलियम डिलर्स एसोसिएशनका अध्यक्ष लीलेन्द्रप्रसाद प्रधान, नेपाल एलपी ग्याँस उद्योग सङ्घका अध्यक्ष शिवप्रसाद घिमिरे र नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासङ्घका अध्यक्ष मनोजकुमार दासले निजी क्षेत्रलाई पनि सँगसँगै लिएर अघि बढ्न सुझाव दिए ।

त्यस अवसरमा मन्त्री रिजालले उत्कृष्ट कर्मचारीलाई पुरस्कार प्रदान गर्नुका साथै निगमको मुखपत्र 'प्रभात' विमोचन गरे। वार्षिकोत्सवका अवसरमा आयोजित विभिन्न खेलकूद प्रतियोगिताका विजयीलाई पुरस्कार, प्रमाणपत्र तथा पदक प्रदान गरिएको थियो ।

निगमले मुलुकका विभिन्न स्थानमा ७९ हजार नौ सय ९० किलोलिटर क्षमताका भण्डारण ट्याङ्करमा आयातित इन्धन भण्डारण गरी बिक्री वितरणको व्यवस्था मिलाइरहेको छ। निगमसँग १३ हजार छ सय ६२ किलोलिटर पेट्रोल, ४५ हजार आठ सय ४८ किलोलिटर डिजल, दुई हजार छ सय ९५ मट्टितेल र आठ हजार आठ सय १५ किलोलिटर हवाई इन्धन भण्डारण क्षमता छ ।

सरकारी स्वामित्वको निगमसँग १३ दिनको माग धान्न सक्ने भण्डारण क्षमता छ । निगमले इन्डियन आयल कर्पोरेशनबाट वार्षिक करीब रु ३० लाख किलोलिटर पेट्रोलियम पदार्थ आयात गर्ने गरेको छ । निगमले आव २०७९/८० मा करीब रु १६ अर्ब नाफा गरेको निमित्त कार्यकारी निर्देशक नागेन्द्र साहले जानकारी दिए । पेट्रोलियम पदार्थको मूल्यमा भएको अत्यधिक वृद्धिले आव २०७८/७९ मा निगमले रु ४९ अर्ब नोक्सानी बेहोरेको थियो । आव २०७९/८० को अन्त्यमा निगमको सञ्चित नोक्सानी रु चार अर्ब ९४ करोड रहेको उनले बताए ।

अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य घट्नु तथा मितव्ययी कदमले वित्तीय अवस्थामा सुधार भई निगम दायित्वमुक्त भएको निमित्त कार्यकारी निर्देशक साहले बताए। "निगम सम्पूर्णरूपमा दायित्वमुक्त भएको छ, वित्तीय अवस्था सुदृढ बनेको छ, हाल सम्पूर्ण ऋणमुक्त भएको छ"–उनले भने। गुणस्तरीय पेट्रोलियम पदार्थ सर्वसुलभ मूल्यमा उपलब्ध गराउन निगम क्रियाशील रहेको उनले बताए ।

कुल अधिकृत पूँजी रु ३० अर्ब र चुक्ता पूँजी रु ११ अर्ब रहेको निगममा नेपाल सरकारको ९८.३८ प्रतिशत सेयर रहेको छ। निगमले गत आव २०७९/८० मा करीब रु तीन खर्ब ८३ अर्बको कारोबार गरेर सरकारलाई रु एक खर्ब १५ अर्ब राजस्व भुक्तानी गरी मुलुकको अर्थतन्त्रमा उल्लेख्य योगदान पुऱ्याएको छ ।

## पाँचौं प्रतिवेदन पेश

महेन्द्रनगर (धनुषा), २६ पुस/रासस

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले मधेस प्रदेशका प्रदेश प्रमुखसमक्ष आर्थिक वर्ष २०७९/८० को पाँचौं वार्षिक प्रतिवेदन पेश गरेको छ ।

नेपाल संविधानको धारा २९४ को उपधारा (३) बमोजिम प्रदेश प्रमुख हरि शङ्कर मिश्रसमक्ष आयोगका अध्यक्ष बालानन्द पौडेलले प्रदेश प्रमुख हरिशङ्कर र मिश्रसमक्ष प्रतिवेदन पेश गरेका हुन् ।

# तपस्वी बम्जनमाथि बालयौन दुरुपयोग आरोप

प्रस, वीरगंज, २६ पुस/

छ वर्षदेखि ३६ वर्षीय छोरा सुरेश आले मगर बेपत्ता पारिएको भन्दै चिन्तित उनीहरूसँग कुरा गर्न सुरेशलाई लगिएको सहजै अनुमान लगाउन सकिन्छ।

तपस्वी कहा जति जानु गइहाल्यौं।



बेपत्ता सुरेश आले मगर र उनका पिता हस्तबहादुर र आमा नन्दकुमारी। तस्वीरः प्रतीक

बारा जीतपुरसिमरा उपमहानगरपालिका -१८ बडहर्वाका हस्तबहादुर आले मगर र उनकी पत्नी नन्दकुमारी आलेको मुहारमा अहिले छोराको अवस्था पत्ता लाग्छ कि भन्ने आशा जागेको छ।

तर तपस्वी भनिएका रामबहादुर बम्जन पक्राउ भएसँगै छोरा सुरेशको अवस्था ज्ञात हुने आशामा उनीहरूको मुहारमा खुशी छाउन थालेको हो।

२०७२ साल वैशाख १२ गतेको विनाशकारी भूकम्पपछि सोही वर्ष जेठ महीनामा घर आएका सुरेशलाई बम्जनका नजीक रहेर काम गर्ने सोही उपमहानगरपालिका-१६ पिलुवाका जशबहादुर वाइवाले, सुरेश बिहानको खाना खाँदै गर्दा चीसै हात मोटरसाइकलमा चढाएर बम्जनको आश्रम सिन्धुपाल्चोक जानुपर्छ भन्दै लगेको दृश्उ उनका बुवा हस्तबहादुर र आमा नन्दकुमारीको स्मृतिपटलमा ताजै छ।

"छोरालाई जान मन नलागेको पनि हुन सक्थ्यो। यस पहिले घर आउनेबित्तिकै तारन्तार मोबाइलमा चाँडै आऊ भन्दै फोन आइरहने आमा नन्दकुमारीले बताइन्। छोरालाई करकाप गरेर जान बाध्य पारिएको त होइन। नत्र, मेरै छोरालाई मात्र किन बोलाइरहे ? मेरो छोराविना बम्जनको कामहरू अड्किन्थ्यो त ?" – बुवा हस्तबहादुरले आक्रोशित हुँदै भने। सुरेशलाई आश्रममा 'मोलम' भनेर बोलाउने गर्थे। 'त्यस दिन वाइवाले मलाई पनि फस्ल्याङ/फुस्लुङ गरी छोरालाई लिएर गयो। अहिले न वाइवा भेटिन्छ, न छोरा नै।

'दुई दिदी-बहिनी र एक मात्र छोरा सुरेशले मेजर अङ्ग्रेजी विषय लिएर ठाकुरराम बहुमुखी क्याम्पस वीरगंजबाट प्लस टु पास गरेको बुवा हस्तबहादुरले बताए। छोराको अङ्ग्रेजी राम्रो थियो। तपस्यास्थलमा विभिन्न मुलुकका विदेशीहरू आउने जाने भएकाले पनि अब, हाम्रो बुढेश कालको साहारा घरैमा बस। विवाह गरी घरजम गर्नुपर्छ। घरमा आमालाई सघाइपघाई गर्ने कोही छैन। हामीले भनिरहेका थियौं।

मैले वाइवालाई भेटेर सोध्दा थाइल्यान्ड गएको छ। फेसबूकमा मैले हेरेको भन्दै उनले झुक्याए। एकपटक भए पनि फोनमा गफ गराइदिनु न भन्दा वाईवाले हुन्छ भन्दै टारेको बुवा हस्तबहादुर र आमा नन्दकुमारीले भने।

छोरा लैजाने जशबहादुर वाइवा प्रायः काठमाडौंमा बस्ने गरेकाले छोराबारे सोधखोज गर्न नसकेको अभिभावक र आफन्तले दुःखेसो पोखे।

धेरै वर्ष भयो। नाति सुरेश कहाँ गयो। पुलिसले हिजो तपस्वीलाई पक्रेको छ रे। मेरो नाति छिट्टै झिकाइदिन भन्नु है ! नातिलाई एक पल्ट भेट्न पाए हुन्थ्यो भन्ने आसमा छिन्– ८३ वर्षीया हजुरआमा बदमकुमारी आले।

बम्जनमाथि यस अघि नुवाकोटकी कर्मा तामाङ, हेटौडाकी फुलमाया रूम्बा, हेटौंडाका सञ्चलाल वाइवा र सर्लाहीकी रिता भनिने युवतीलाई बेपत्ता बनाएको आरोप छ। बम्जनमाथि रौतहट घर भई बम्जनको आश्रममा लामो समयदेखि बस्दै आएकी १८ वर्षीया किशोरीलाई बालयौन दुरुपयोग गरेको भन्दै सर्लाही जिल्ला अदालतमा मुद्दा दायर छ। आरोपित रामबहादुर बम्जन भन्ने रामलाल बमजनलाई पक्राउ पूर्जी तपस्वी भनिएका उनै बम्जनको निजगढ नगरपालिका-१२ बुङ्जोरस्थित घर र वडा कार्यालयमा प्रहरीले २०७७/०७/२४ गते टाँस गरेको थियो।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो र नेपाल प्रहरीले सिन्धुलीस्थित पहिरे डाँडामा रहेको बम्जनको विशाल आश्रममा पटकपटक घेरा हाली छापा मारे पनि उनी भाग्न सफल भएका थिए।

बाराको रतनपुरी र हलखोरियामा २ सय हेक्टरभन्दा बढी राष्ट्रिय वन क्षेत्रमा कब्जा जमाएका बम्जनलाई राज्यले बलपूर्वक हटाएको थियो। किर्ते जन्मदर्ता बनाएका उनको, धर्मसङ्घ बम्जनको नाउँमा रातो पासपोर्ट उपलब्ध गराउनुपर्ने भन्दै उनका अनुयायीहरूले पूर्व-पश्चिम महेन्द्र राजमार्ग अवरूद्ध गरेका थिए।

समाचार सङ्कलनका लागि हलखोरिया तपस्यास्थल पुगेका सञ्चारकर्मीहरूलाई उनका केही अनुयायीहरूले प्रवेश रोक र क्यामेरा समेत कब्जामा लिई बिगारेका थिए।

पटकपटक स्थानीयमाथि कुटपिट गर्दै आएका बम्जनले स्लोभाकियाकी एक महिला मारिचीलाई लगभग तीन महीना बन्धक बनाएर राखेको घटनाले त्यसबेला निकै चर्चा पाएको थियो। स्थानीय सञ्चारकर्मी र प्रहरीको प्रयासबाट स्वदेश फर्कन सफल भएकी मारिचीले आफूलाई चरम यातना दिइएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौंको अध्यागमन कक्षबाट सञ्चार माध्यममा खुलासा गरेकी थिइन्।

# अभियुक्त बम्जनविरुद्ध सुनवाइ शुरू



तस्वीरः रासस

मलङ्गवा (सर्लाही), २६ पुस/रासस

हत्या र यौन हिंसाका अभियुक्त रामबहादुर बम्जनलाई जिल्ला अदालत सर्लाहीसमक्ष प्रस्तुत गरिएको छ।

जिल्ला अदालत, सर्लाहीबाट उनीविरुद्ध पक्राउ पुर्जी जारी भएकोले निजलाई अदालतमा पेश गरिएको हो। उक्त अदालतमा न्यायाधीश विष्णु रेग्मीको अदातलमा उनीविरुद्ध मुद्दाको सुनवाइ शुरू भएको स्रेस्तेदार सदन अधिकारीले जानकारी दिए।

हत्या र यौन शोषणको मुद्दामा सर्लाही जिल्ला अदालतले २०७६ साल माघ २३ गते बम्जनलाई पक्राउ गर्न प्रहरीलाई अनुमति दिएको थियो। प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोको टोलीले बम्जनलाई मङ्गलवार पक्राउ गरेको थियो।




## आगो वा हिटर प्रयोगमा होसियारी अपनौं।

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्नुभन्दा अगाडि बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुने गरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौं, गर्नै परेमा भेन्टिलेशन खुला राखौं।

झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यानसमेत जान सक्दछ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# खेलकूदको संसार

## पूर्वकप्तान लामिछाने निलम्बित

काठमाडौं, २६ पुस/रासस



नेपाल क्रिकेट सङ्घ (क्यान)ले नेपाली राष्ट्रिय क्रिकेट टोलीका खेलाडी एवं पूर्वकप्तान सन्दीप लामिछानेलाई निलम्बन गरेको छ। काठमाडौं जिल्ला अदालतले जबरजस्ती करणी मुद्दामा निजलाई दोषी ठहर गरी सजाय निर्धारण गरेकोले घरेलु तथा अन्तर्राष्ट्रिय खेलबाट निलम्बन गरिएको क्यानका अध्यक्ष चतुरबहादुर चन्दले आज एक विज्ञप्ति निकालेर बताएका छन्।

जिल्ला अदालत काठमाडौंले बलात्कार मुद्दामा दोषी ठहर भएका क्रिकेटर सन्दीप लामिछानेलाई बुधवार आठ वर्ष जेल सजाय, जरिवाना र क्षतिपूर्ति गरी रु पाँच लाख भराउने फैसला सुनाएको थियो। न्यायाधीश शिशिरराज ढकालको इजलासले उक्त सजाय सुनाएको हो। यही पुस १३ गते 'गौशाला-२६' लाई बलात्कार गरेको अभियोगमा लामिछानेलाई अदालतले दोषी ठहर गरेको थियो।

अदालतले लामिछानेलाई आठ वर्ष कैद रु तीन लाख जरिवाना र रु दुई लाख क्षतिपूर्ति निर्धारण गरेको छ।

## राष्ट्रिय भलिबल प्रतियोगिता : आर्मीलाई हराउँदै गण्डकी तेस्रो

सुर्खेत, २६ पुस/रासस

सुर्खेतमा जारी राष्ट्रिय भलिबल प्रतियोगितामा विभागीय टोली आर्मीलाई पराजित गर्दै गण्डकी प्रदेशले तेस्रो स्थान हासिल गरेको छ। आज भएको खेलमा गण्डकीले आर्मीलाई ३-१ को सेटमा पराजित गरेको हो। यस अघि समूह चरणको



तस्वीरः रासस

खेलमा गण्डकी आर्मीसँग ३-० को सोझो सेटमा पराजित भएको थियो।

पहिलो सेट गण्डकीले २५-२२ अङ्कले जित्यो। दोस्रो सेट रोमाञ्चक र प्रतिस्पर्धात्मक बन्यो। उक्त सेटमा आर्मी २६-२४ अङ्कले विजयी भयो। तेस्रोमा गण्डकीले २६-२४ अङ्कले बाजी मार्‍यो। २४-२४ अङ्कको बराबरी भएको अवस्थामा गण्डकीका स्पाइकर रवि केसीले लगातार दुई अङ्क दिलाएपछि जीत सहज भयो। चौथो सेटमा गण्डकी पूर्णरूपमा आफ्नो नियन्त्रणमा राख्न सफल भयो। उक्त सेट गण्डकीले २५-२२ अङ्कले जित्यो।

आजै उपाधिका लागि दुई विभागीय टोली एपिएफ क्लब र नेपाल पुलिस क्लबबीच प्रतिस्पर्धा हुँदैछ। एपिएफले गण्डकीलाई तथा पुलिसले आर्मीलाई सोझो सेटमा पराजित गर्दै फाइनलमा भेट पक्का गरेका हुन्।

# बटुवा र चालकलाई ट्राफिक नियमबारे सचेतना



तस्वीरः सौजन्य

प्रस, वीरगंज, २६ पुस/

समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्सा र ग्रीनसिटी सामुदायिक सेवा केन्द्रको संयुक्त आयोजनामा बिहीवार ट्राफिक सचेतना कार्यक्रम सम्पन्न भएको छ।

वीरगंज महानगरपालिका-८ घण्टाघर क्षेत्रमा सडक फूटपाथमा हिंड्ने बटुवा, सवारी साधन चालकहरूलाई ट्राफिक नियमसम्बन्धी सचेतना गराइएको थियो। बटुवाहरूलाई सडकबाट नहिंडेर पेटीबाट हिंड्न, जेब्राक्रस भएर सडक पार गर्न र सवारी साधन चालकहरूलाई ट्राफिक नियम पालना गरेर सवारी साधन चलाउन सुझाएका थिए।

सो अवसरमा ट्राफिक र ग्रीनसिटीका सदस्यहरूले एकै दिन ६६१ जनालाई सचेत गराएको ग्रीन सिटी सामुदायिक सेवा केन्द्र आदर्शनगरका अध्यक्ष प्रकाश खेतानले बताए। कार्यक्रममा ट्राफिक प्रहरी कार्यालय पर्साका प्रहरी सहायक निरीक्षक बलिराम चौधरी, ग्रीन सिटीका उपाध्यक्ष सञ्जय शर्मा, लायन्स क्लकका राज रवीन्द्र, प्रवीण माली, विनित कुमार, वंशराज गुप्तालगायतको सहभागिता थियो।

# ११ जना युवक वीरगंज अयोध्याका लागि पैदल प्रस्थान



तस्वीरः सौजन्य

प्रस, वीरगंज, २६ पुस/

भारत, अयोध्यामा नवनिर्मित राममन्दिरको उद्घाटनमा पूजापाठको लागि वीरगंजका युवा समूह पैदल यात्रामा निस्केको छ।

राष्ट्रिय बजरङ्ग दल पर्साका ११ जना युवाको टोली बिहीवार बिहान वीरगंजबाट पैदल अयोध्या यात्रामा निस्केको हो। माघ ८ गते भगवान रामको मूर्ति प्राण प्रतिष्ठासँगै उद्घाटन हुँदैछ।

वीरगंजबाट अयोध्याको दूरी ३५० किलोमिटर रहेको र १० दिनभित्र उनीहरू अयोध्याको राम मन्दिर पुग्ने बताइन्छ।

बजरङ्ग दलका युवाहरूलाई वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले माईस्थानस्थित गहवामाई मन्दिर परिसरमा माला र खादा लगाएर बिदाई गरेका थिए। वीरगंजबाट भगवान् रामका लागि धातुको धनुष-वाणलगायत कोसेली लिएर हिंडेको टोली बिहार र उत्तर प्रदेशका विभिन्न शहरको पैदल यात्रा गर्दै १० दिनमा राम जन्मभूमि अयोध्यामा पुग्ने लक्ष्य रहेको मुन्ना साह कानूले बताए।